# अध्याय-एक

## १. अध्ययनको सामान्य परिचय

### १.१ पृष्ठभूमि

बालअधिकार सबैको सरोकार हो भन्ने विषयमा कसैको दुईमत छैन । बालअधिकारका बारेमा सबै व्यक्ति सुसूचित हुन सकेमा मात्रै यसको संरक्षण र प्रवर्द्धनका निम्ति क्रियाशील हुन सघाउ पुग्दछ । देशको विद्यमान असहज परिस्थितिमा त यसको महत्व अझ बढेको छ । जस्तो सुकै कठिन अवस्थामा पनि बालबालिकाहरूका आधारभूत अधिकारहरूको उल्लङ्घन हुनु हुँदैन ।

बालअधिकारका बारेमा व्यवस्थित ढंगबाट कुरा उठ्न थालेको धेरै भएको छैन । तर पनि झन्डै डेडदशकको यस अवधिमा बालअधिकारबारेमा समुदायदेखि नीति निर्माणको तहसम्म सचेतना बढाउने क्रम भने धेरै नै बढिरहेको छ र यो अझै बढ्नु पर्दछ । नेपाली जनसंख्याको झण्डै आधा हिस्सा ओगटेका बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन निकायहरू, सबै नै सचेत र क्रियाशील हुन आवश्यक छ ।

प्रायः वयस्कहरूको आवश्यकताका अगाडि बालबालिकाहरूको आवश्यक ओझेलमा पर्ने गर्दछ । त्यसैले हरेक क्षेत्रमा बालबालिकाका विषयलाई प्राथमिकता दिइनु आवश्यक छ । अन्यथा बालबालिकाको उचित ढंगले संरक्षण र विकास हुन सक्दैन भन्नेकुरा विगतका अनुभवहरूबाट सिद्ध भैसकेको छ । बालबालिकाको अधिकारको सम्बन्धमा धेरै अन्तराष्ट्रिय दस्तावेजहरू निर्माण भएका छन्, मापदण्ड बनाइएका छन् । जसको व्यवहारिक कार्यान्वयनका निम्ति थुप्रै प्रयत्नहरू पनि भइरहेका छन् । यस क्रममा दायित्व वहन गर्नुपर्ने पक्षहरूलाई दायित्ववोध गराउन तथा अधिकार धारणकर्ताहरूलाई अधिकारको माग गर्न र सोको सही ढंगले उपभोग

गर्न सक्षम बनाउन सबै सम्बन्धित सरोकारवालाहरूलाई सचेत गराउन आवश्यक छ ।

नेपालमा अनाथ बालबालिकाहरूको संरक्षण र सम्बर्द्धनका लागि बालबालिकाहरूको कल्याणकारी कार्यको लागि सरकारी, गैर सरकारी र अन्तर्राष्ट्रिय संघ-संस्थाले सेवा पुऱ्याउन विभिन्न कदमहरू चाल्दै आइरहेका छन् । अन्तर्राष्ट्रिय संघ-संस्थामा मुख्यःतयाः युनिसेफ, रेडवार्ना, सेभ द-चिल्ड्रेन, जापान, कार, एन.जि.डब्लु, डेनि भोलियन्टर्स आदिले सेवा पुऱ्याउँदै सहयोग गरिरहेका छन् भने कैयौँ बालबालिकाहरूलाई पनि सेवा गर्दै आइरहेको छ। सरकारीस्तरमा भने बालबालिकाहरूको हितको निम्ति वि.सं २००९ सालमा राजा त्रिभुवनबाट परोपकार अनाथालयको समुद्घाटन भयो (परोपकार स्थापना गर्ने दयाविर सिंह कंसाकारज्यू नेपालको समाजसेवाको क्षेत्रमा एक वरिष्ठ समाजसेवी हुनुहुन्छ) । त्यसपछि विभिन्न कार्यक्रम समावेश हुँदै आइरहेका छन्। वि.सं. २००७ सालदेखि विभिन्न संघसंस्थाको विकास हुँदै आएता पनि केही मात्रामा त्रुटी भएको नै रहेको छ । वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनले यस्ता केही मात्रामा त्रुटी हटाई परिभाषित गरेको छ । समाजमा विद्यमान छुवाछूतको भावनालाई यसले केही हदसम्म कम गरेको छ ।

वि.सं २०३३ सालमा आएर तत्कालीन राजा वीरेन्द्र शाहबाट राष्ट्रियसेवा समन्वय समिति गठन भयो। यसको अध्यक्षता तत्कालीन बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी शाहले गरेकी थिइन् । जसअन्तर्गत् ६ वटा समन्वय समिति गठन भए । हाल आएर समन्वय गर्ने बालकल्याणको कार्य बालकल्याणकारी परिषद्ले गर्ने गरेको छ। सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को छत्रछायाँमा रहेर बालबालिकाहरूको निमित्त लामो समयदेखि संचालन भैरहेका संस्थाहरू भने ११ वटा छन् । जस्तैः एस.ओ.एस. बालग्राम, नेपाल बालसंगठन, युनिसेफ नेपाल परोपकार अनाथालय, पूर्वाञ्चल अनाथ आश्रम, रत्न बालकोष, बालविकास समाज, सहयोग समाज, राष्ट्रिय बालस्वास्थ्य सेवा संघ, नेपाल बाल संघ आदि संस्थाहरू हुन् (बालसरोकार २०४८: ८) ।

अनाथ बालबालिकाहरूको सम्बन्धमा हालसम्म केही मात्रामा अनुसन्धान भएको पाइन्छ। जुन पर्याप्त मात्रामा छैन। यस विषयमा परोपकार अनाथलयका बालकहरूको सामाजिक शैक्षिक अवस्थाको र उपत्यकाबाहिरको पूर्वाञ्चल अनाथ आश्रमका ५ वर्षभन्दा कम उमेरका बालबालिकाहरूको अनुसन्धान भएको पाइन्छ। त्यसदेखि बाहेक अन्य संस्थाहरू कुन अवस्थामा के गरिहेका छन् भन्ने खोजी कार्य भएको पाईंदैन। जसको अनुसन्धान गरी उनीहरूको दैनिक जीवन कसरी बिताइरहेका छन् र कस्ता समस्याहरूसँग जुध्नु परिरहेको छ आदिको बारेमा अध्ययन गरेर वास्तविक समस्या पत्ता लगाई समस्या समाधानतर्फ केही कदम चाल्नु अति आवश्यक देखिन्छ।

संसारका प्रायजसोः मुलुकमा अनाथ बालबालिकाहरूको संख्या दिन प्रतिदिन बढ्दै गैरहेको छ। बालबालिका अनाथ हुनुपर्ने विभिन्न कारणहरू छन्। जसमध्ये कोही आमाबाबुको मृत्युका कारणबाट अनाथ बन्दछन्। कोही बाबु र आमाको असामान्य स्थितिले (अन्धा, अपांग हुँदा) गर्दा आमा बाबुद्वारा त्यागिएपछि अनाथ बन्न पुग्दछन् भने कोही अनैतिक सम्बन्धबाट जन्मिएपछि फ्याँकिएर अनाथ बन्न पुग्छन्। हाम्रो देशमा पनि सामाजिक भेदभाव, आर्थिक कमजोरी, दैवी प्रकोप आदिका कारणबाट दिनप्रतिदिन अनाथ बालबालिकाको संख्यामा वृद्धि हुँदै गइरहेको छ।

सन् १९७९ मा भएको सामाजिक विकासको रिपोर्टअनुसार हरेक बालबालिकालाई कसैले ग्रहण नगरेको अवस्थामा कुनै संस्था गृहमा राखिने व्यवस्था हुनुपर्दछ भन्ने उल्लेख गरेको छ। कैयौं अनाथ बालबालिकाहरूले संरक्षणको अभावमा ज्यान गुमाइरहेका छन् भने कैयौं बाटोमा भौंतारिंदै हिँड्न र थकाइ लागेपछि बाटोमा नै सुत्ने गरेका छन् त कैयौं आफ्ना कलिला हात, कोमल शरीर र तोतेबोली बोल्ने बेलामा कुसंगतका कारणबाट चोर, डाँकु, पाकेटमार बन्न वाध्य छन् भने कोही वेश्यावृत्तिमा संलग्न रहेको पाइन्छ। कैयौं त अझै नशालु पदार्थको दुर्व्यसनको शिकार समेत भएका छन्।

यी विभिन्न परिस्थितिले जीवन बिताउन वाध्य बालबालिकाप्रति सामाजिक दृष्टिकोण पनि निम्नस्तरको पाइन्छ। यिनीहरूलाई माया-ममता दिनुको साटो कुटपिट गर्ने, गाली गर्ने दुर्व्यवहार गर्नाले बालबालिकालाई झनै अपराधिक प्रवृत्ति बनाउनमा मद्दत गरेको छ।

बालबालिकालाई आपत्कालीन अवस्थाबाट उद्दार गर्न बालविकास गर्ने हेतुले युनिसेफको स्थापना भैसकेको छ र विश्वको १२८ वटा मुलुकमा युनिसेफ कार्यरत छ। त्यस्तै गरेर सरकारी तथा गैह्रसरकारी संस्थाहरू, बालविकास, बालबचावट हित, बालसम्बर्द्धन तथा बालसंरक्षण तर्फ सजग भैसकेका छन् तर सम्पूर्ण अनाथ, दुःखी बालबालिकाहरूलाई संरक्षण सम्बर्द्धन गर्न सकिएको छैन।

जतिसुकै व्यापक तथा माथिल्लो तहका संघ-संस्थाहरू र विधिहरू बालबालिकाहरूका निमित्त खडा भएतापनि व्यवहारिक पक्षमा अनाथ बालबालिकाहरू उपेक्षित भइ नै रहेका छन्। उनीहरूको संख्यामा वृद्धि रोकिन सकिरहेको छैन। उनीहरूको सामाजिक, आर्थिक, बौद्धिक तथा शारीरिक विकासमा उपलब्धि देखिएको छैन। यो सबै संघ-संस्थाका लागि ठूलो चुनौतिको विषय नै बनिरहेको छ। अनाथ बालबालिकाको संरक्षण, कल्याण र विकासका लागि खोलिएको संस्था नै बाल जीवनको ठूलो आधार बनेको छ। बालविकास विना देश विकास संभव छैन। अनाथ बालबालिकाहरूको विविध पक्षको अध्ययन तथा अनुसन्धान गरी उनीहरूको अवस्था तथा समस्या केलाई बालबालिकाको स्थिति कस्तो छ भन्ने जान्नु नितान्त आवश्यक छ।

बालअधिकार अवधारणाको विकास कसरी भयो भन्ने सम्बन्धमा बालअधिकार अवधारणाको जन्मदातृका रूपमा 'बालबचाउ' संस्थाकी संस्थापिका एग्लेन्टाइन जेवलाई लिन सकिन्छ। जसले प्रथम विश्वयुद्धले पुऱ्याएको धनजनको क्षतिपछि बालबालिकाको बिचल्ली देख्न नसकी बालअधिकारका लागि आवाज उठाइन। उनले 'म विश्वस्त छु कि हामीले बालबालिकाहरूका लागि केही अधिकारको माग गर्नुपर्छ र ती अधिकारहरूलाई विश्वभरी सबैबाट मान्यता प्रदान

गराउनका लागि खटेर प्रयास गर्नुपर्छ' भन्दै सन् १९२३ मा अघि सारेको बालअधिकार सम्बन्धी अवधारणा १९८९ मा आएर बालबालिका सम्बन्धी महासन्धिमा परिणत बन्यो ।

यसै कुरालाई अंगालेर गण्डकी अंचल, कास्की जिल्ला पोखरा स्थित नमस्ते बालगृहमा संचालित बालगृहको हालसम्म कुनै अध्ययन अनुसन्धान कार्य भएको छैन । तसर्थ यस अनुसन्धानमा बालगृहमा अवस्थित बालबालिकाहरूको उमेर, जातजाति, लिङ्ग, बालगृहमा आउनुको कारण र उनीहरूको चाहना पत्ता लगाउनु जस्ता आदि पक्षलाई अध्ययन गरेर बालबालिकहरूको अवस्था तथा समस्या केलाउने हेतुले यो अनुसन्धान कार्य केन्द्रित छ ।

## १.२ समस्याको कथन

बालबालिकाहरूका निम्ति खास गरी उचित शिक्षा, सम्भार, माया, ममता अति ठूलो कुरा हो । यिनै कुराहरूद्वारा नै उनीहरूको भविष्य निर्माण हुन्छ । परिवार नै सबैभन्दा पहिलो विद्यालय हो तर पनि सबै बालबालिकाहरूका लागि त्यो अवसर प्राप्त हुँदैन । व्यवहारिक पक्षमा उनीहरू उपेक्षित जस्तै देखिन्छन् । मूलतः जुनसुकै रूपबाट अनाथ बने पनि उनीहरू बालगृहमा आउनु परेको कारण, उनीहरूले भोग्नुपरेको समस्या, कुन जात-जातिबाट आए भन्नेकुरा यो अध्ययनका निम्न लिखित प्रश्नहरूले समेट्नेछ :

- उनीहरूको जात, लिङ्ग, उमेर कस्तो कस्तो किसिमको छ ?
- बालगृहमा बस्ने बालबालिकाहरू कुन-कुन ठाउँका थिए र के कारणले बालगृहमा आए ?
- बालगृहमा बस्ने बालबालिकाहरूले के-कस्ता किसिमका चाहनाको अपेक्षा गरेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

क) सामान्य उद्देश्यःनमस्ते बालगृहका बालबालिकाहरू बालगृहमा आउनुका कारण र उनीहरूका चाहनाहरूका बारेमा जानकारी प्राप्त गर्नुहुनेछ भने विशिष्ट उद्देश्यहरू निम्न अनुसारका हुनेछन् ।

ख) विशिष्ट उद्देश्य

- ✓ नमस्ते बालगृहमा बस्ने बालबालिकाहरूको जात, लिङ्ग, उमेर आदि अवस्थाहरू पत्ता लगाउने ।
- ✓ बालगृहमा आउनुका कारणहरू खोज्ने
- ✓ बालगृहमा बस्ने बालबालिकाहरूको चाहनाहरूलाई विश्लेषण गर्ने ।

## १.४ अध्ययनको औचित्य

नमस्ते बालगृहले अनाथ बालबालिकाहरूलाई सामाजिक तिरस्कारबाट बचाएर उनीहरूको जीवनयापन अन्य बालबालिका सरह सामान्य बनाउनमा ठूलो भूमिका खेलेको हुन्छ । यस्ता आश्रम नभई दिएको भए ती बालकहरू अझै फुटपाथमा जीवन बिताउन बाध्य हुने थिए । यस बालगृहको अध्ययनले निम्न महत्वलाई दर्शाउने छ ।

- कस्तो परिवेशबाट आए ? किन यहाँ आए र के सुविधा पाए ? उनीहरूको भविष्यको चाहना के छ भन्ने पत्ता लगाउनमा यो अध्ययन उपयोगी हुनेछ । साथै बालबालिकासम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति नीति निर्माता, सरकारी तथा गैरसरकारी संस्थालाई तथ्याङ्क तथा सूचना उपलब्ध गराउने छ । साथै बालबालिकासम्बन्धी अध्ययन गर्ने कुनै पनि अनुसन्धानका लागि उपयोगी हुनेछ । सय नम्बर आंशिक परिपूर्तिका निम्ति गरिएको अध्ययन हो र यसले यस किसिमका साहित्यमा एउटा इट्टा थप्ने काम गर्नेछ ।

यस अध्ययनले अध्ययन क्षेत्रका बालबालिकाहरूलाई परेका समस्यालाई औंल्याई त्यसको समाधान गर्न केही उपायहरू खुलाउने छ। यसैगरी बालबालिकाहरूको जीवनका हरेक पक्षको अध्ययन गरेको खण्डमा कुशल, योग्य जनशक्ति निर्माण हुने र अनाथ बालबालिकाहरू पनि भविष्यमा देश निर्माण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। योजनाविद्‌हरूलाई नीति निर्माण र योजना बनाउने कार्यमा यो अध्ययनले सहयोग पुऱ्याउनेछ। साथै यो अध्ययनले यस किसिमका अध्ययन गर्न खोज्ने सरकारी तथा गैरसरकारी संस्थाहरूलाई सहयोग पुऱ्याउनेछ भन्ने आशा लिएकी छु।

## १.५ अध्ययनको सीमा

यो अध्ययन खास गरी स्नातकोत्तर तहको आंशिक तहलाई पूरा गर्ने प्रयोजनका लागि भएकाले यो आफैमा अध्ययनको सीमा हो। बालविकास र बालहितका लागि सञ्चालित सम्पूर्ण पक्षको प्रभावकारिताको विस्तृत अध्ययन गर्न समय, लागत र स्रोतको कमीले संभव छैन तसर्थ नमस्ते बालगृहमा बसोबास गर्ने बालबालिकाहरू आउनुका कारण र उनीहरूका चाहनाहरूमा मात्र यो अध्ययन सीमित रहनेछ। छनौट गरिएको अध्ययन क्षेत्र सानो एकाई भएकाले अध्ययनबाट आएको परिणामले अन्य क्षेत्रको पूर्ण र सही प्रतिनिधित्व गर्छ नै भन्न सकिन्न।

नेपाल अधिराज्यभरिमा बालविकास र बालहितका लागि सरकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय गरेर थुप्रै संघ-संस्थाहरू खोलिसकिएको छ। यी सबै अध्ययन गर्न स्रोत र साधनले नभ्याउने कुरालाई मध्यनजर राख्दै यस अध्ययनका सीमा नमस्ते बालगृहमा बसोबास गर्ने अनाथ बालबालिकाहरूको अध्ययनमा केन्द्रित गरिएको छ, यस अनुसन्धानमा निम्न सीमाहरू छन्।

- यस अध्ययन नमस्ते बालगृहमा रहेका बालबालिकाहरूको अध्ययनमा मात्र केन्द्रित हुनेछ।

- यस बालगृहमा आश्रित बालबालिकाको सामाजिक अवस्था, शैक्षिक अवस्था र दैनिक जीवनचर्याको अध्ययन मात्र गरिएकाले यसको निष्कर्षलाई अरू अनाथ आश्रमसँग तुलना गर्न मिल्दैन ।
- बालबालिकालाई भर्ना गराउन ल्याउने व्यक्तिसँग अन्तरवार्ता लिन सकिएको खण्डमा बालबालिकाको जीवनी केही मात्रामा भएपनि बढी थाहा पाउन सकिन्थ्यो, तर स्रोत र साधनको अभावले उक्त कार्य सम्भव नभएकाले त्यससँग सम्बन्धित कुराहरू समावेश गरिएको छैन ।
- यो अध्ययन बालबालिकाहरूको चाहनाको बारेमा खोज गर्ने सीमासँग मात्र सीमित रहने छ ।

## १.६ अध्ययनको संगठन

यस अनुसन्धानलाई अध्ययन गरी जम्मा छ अध्यायमा विभाजित गरिएको छ । जसलाई तल वर्णन गरिएको छ ।

अध्याय एकमा अध्ययनको सामान्य परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व वा औचित्य, अध्ययनका सीमाहरू राखिएको छ ।

अध्याय दुईमा पूर्वसाहित्यको अध्ययन, सैद्धान्तिक समीक्षा, बालबालिकासम्बन्धी विभिन्न अध्ययनहरू, अवधारणागत ढाँचा र सैद्धान्तिक ढाँचा समेटिएको छ ।

अध्याय तीनमा अध्ययन विधिहरू सामान्य परिचय, अनुसन्धान ढाँचा, स्रोत र प्रकृति, सूचनाको प्रकृति, जनसंख्या र जनगणना विधि, तथ्याङ्कसङ्कलन विधिहरू, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण अध्ययन क्षेत्र आदिलाई प्रस्तुत गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, बालगृहका उद्देश्यहरू, खानाको व्यवस्था, शिक्षाको व्यवस्था, लत्ताकपडाको व्यवस्था, औषधिउपचारको व्यवस्था,

सांस्कृतिक व्यवस्था, मनोरञ्जनको व्यवस्था, खेलकूदको व्यवस्था, भौतिक सुविधा, अन्य व्यवस्थालाई राखिएको छ ।

अध्याय पाँचमा सामाजिक, जनसाङ्ख्यिक, विशेषता र भविष्यप्रतिको चाहना, जात जातीयता, धर्मका आधारमा उत्तरदाता, मातृभाषाका आधारमा उत्तरदाता, जन्मस्थानका आधारमा उत्तरदाता, उत्तरदाताको शैक्षिक अवस्था, कक्षाको आधारमा अध्ययनरत उत्तरदाताको शैक्षिक विवरण, उत्तरदाताको भविष्यप्रतिको चाहना, उत्तरदाता बालगृहमा आउनुका कारणहरूलाई प्रस्तुत् गरिएको छ ।

अध्याय छमा सारांश, मुख्यः प्राप्ति, निष्कर्ष र सुझाव समावेश गरिएको छ ।

# अध्याय-दुई

## २. साहित्य समीक्षा

### २.१ सैद्धान्तिक समीक्षा

मानव जीवनको सुरुआत बाल्य अवस्थावाट हुन्छ । बाल्यकाल जीवनको प्रारम्भिक र महत्वपूर्ण चरण हो । बालबालिका चाहे आफ्नो घर-परिवार, विद्यालय, समाज जहाँसुकै हुन् उनीहरूलाई उचित माया, हेरचाह, प्रोत्साहन र अवसरको खाँचो पर्छ । बालबालिकाहरूको वचपन ध्यान दिंदै जाने शारीरिक एवं मानसिक अवस्थालाई विशेष ध्यान दिंदै विश्वका धेरै न्याय प्रणालीहरूमा उनीहरूलाई वयस्कभन्दा छुट्टै र विशेष प्रकारको प्राथमिकताका आधारमा संरक्षणात्मक व्यवस्था गरिदै आएको पाइन्छ ।

सन् १९२४ मा बालबालिकाहरूलाई विशेष सुरक्षा र स्याहार पुऱ्याइनु पर्ने सम्बन्धी १९५९ मा विशेष घोषणा पत्र तयार पारियो र त्यसरी नै सन् १९८९ मा बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय सन्धि सम्पन्न गरियो । बाल न्याय प्रशासन सम्बन्धमा न्यूनतम स्तर (वेइजिङ विधि, सन् १९८५) संयुक्त राष्ट्रसंघ स्तरमा पारित गरियो । संयुक्त राष्ट्रसंघ महासभाले बालबालिका सम्बन्धी मुद्दामा न्यायलयहरूलाई निर्देशक सिद्धान्त (एर-रियादे, सन् १९९०) जारी गऱ्यो । अन्तर्राष्ट्रियस्तरका यस्ता प्रयासहरू सँगसँगै हाम्रो मुलुकमा पनि बालबालिकाको विकास, सुरक्षा र हितका लागि मुलुकी ऐनका विभिन्न महलहरूमा नेपाल अधिराज्यको संविधान, २०४७, का विभिन्न धाराहरूमा विशेष व्यवस्थाहरूको तर्जुमा गरिएको पाइन्छ ।

संयुक्त राष्ट्र संघीय सन्धि बालबालिकाहरूको संरक्षण र हितका लागि समर्पित व्यवहारिक पाइलाको रूपमा रहँदै आएको पाइन्छ । संयुक्त राष्ट्रसंघीय सन्धिले निम्न कुराहरूलाई बालअधिकारको कडी मान्दै आएको पाइन्छ ।

- बाँच्न पाउने नैसर्गिक अधिक
- विकास गर्न पाउने अधिकार
- संरक्षण एवं सामाजिक जीवनमा सक्रिय सहभागी हुन पाउने अधिकार आदि ।

बालबालिका भन्ने कानूनी प्रावधानको निर्धारण विभिन्न मुलुकमा विभिन्न उमेरबाट वा निश्चित उमेरसम्म भनी निश्चित गरिएको पाइन्छ । जस्तैः अमेरिकामा ७-१६ वर्ष, फिलिपिन्समा ९-१५ वर्ष, इजिप्टमा ७-१५ वर्ष, बृटेनमा ११-१६, रसियामा १६ वर्ष (कतिपय अवस्थामा १४ वर्ष), इरानमा १०-१८ वर्ष, नेपालमा १६ वर्ष संयुक्त राष्ट्रसंघले १८ वर्ष मुनिका मानवलाई बालकमा राखेको छ ।

प्राचीन रोमन वैयक्तिक कानूनका अनुसार २५ वर्षभन्दा मुनिका बालकलाई (Juvenes)बालकको श्रेणीमा राखेको पाइन्छ । सन् १९९० को सेप्टेम्बर १४ तारिखमा नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धिलाई अनुमोदन गरिसकेपछि हाम्रो देशमा बालअधिकार आन्दोलनले गति लिएको हो । यसै सन्दर्भमा बालअधिकार विशेष गरी बाल सहभागिताको प्रवर्द्धन, संरक्षण गर्न बालबालिकाहरू स्वयं संगठित रूपमा सक्रिय हुँदै जाँदा बाल क्लब अवधारणले मूर्त रूप लिन सकेको हो । महासन्धिको धारा-३२ ले बालबालिकालाई श्रम शोषणबाट संरक्षण गर्नुपर्ने उल्लेख गरेको छ ।

बालबालिका बारेमा अमेरिकी राष्ट्रपति क्लिन्टनले आफ्नो विचार व्यक्त गर्दै भनेका छन्, “यदि हामीले हाम्रा बालकहरूलाई बिग्रँदो स्थितिमै रहन दियौं भने भविष्यमा कुनै समयमा हामीलाई थाहा हुनेछ कि त्यस वीजारोपणले हामीलाई ग्लानि उत्पन्न हुनेछ। त्यसैले हामीलाई थाहा छ कि यदि हामीले हाम्रा

बालकहरूलाई स्वस्थ तवरले हुर्कने र बढ्ने मौका दियौँ भने तिनीहरू सच्चा नागरिक भई केही योगदान दिन सक्ने हुनेछन्" (युनिसेफ, १९९२ :८४) ।

राष्ट्र विकासका लागि अबोध बालबालिकाको संरक्षण गर्नुपर्दछ किनकि, यिनीहरू नै भोलिका शक्ति, संरक्षक र नागरिक हुन् । तर पनि विकसित मुलुकको दाँजोमा दक्षिण एसियाको बालकहरूले धेरै कष्ट खप्नु परेको छ, जस्तैः आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आदि । बालबालिका भनेका सबै राष्ट्रका समान हुन् । त्यसकारण यिनीहरूको उचित संरक्षण गर्नुपर्ने कुरा सुरुमा नै पर्दछ । किनभने देशको भविष्य यिनै बालकहरूमा निहित भएको कुरा स्वीकार गर्दै संयुक्त राष्ट्रसंघका पूर्व महासचिव श्री बुत्रोस बुत्रोस घालीले भन्नुहुन्छ, "हाम्रा बालकालिका नै हाम्रा भविष्य हुन्" (युनिसेफ, १९९४: ५) ।

समानताका विभिन्न नारा लगाइँदा पनि विश्व मानचित्रमा दक्षिण एसिया गरीब क्षेत्रको रूपमा चिनिँदै आएको छ । यस क्षेत्रको प्रत्येक व्यक्तिले आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, भौगोलिकका साथ-साथै स्वास्थ्यको क्षेत्रमा पनि विभिन्न समस्याहरू भोग्दै आउन परेको छ । यस क्षेत्रको जनसंख्या ११०६.२१ मिलियन छ भने जनसंख्या बृद्धिदर श्रीलंकाको १.५% र नेपालको २.१% रहेको छ । जनसंख्या वृद्धिका कारण यस क्षेत्रको बालबालिकाको संख्यात्मक स्थिति हेर्दा भारतमा ३० करोड १२ लाख ७० हजार, पाकिस्तानमा ४ करोड ५५ लाख, नेपालमा ७८ लाख, श्रीलंकामा ५५ लाख ५० हजार, भुटानमा २ लाख ३० हजार र माल्दिभ्समा १ लाख बालबालिकाहरू छन् (बाल सरोकार २०५०: २) ।

यसरी जनसंख्या वृद्धि हुँदाखेरी देशका स्रोत र साधनले भ्याउँदैन जसले गर्दा उचित शिक्षा त परै जाओस् राम्रो पौष्टिक तत्वयुक्त खाना सन्तुलित ढंगले बालबालिकाहरूलाई खुवाउन समेत पुगिरहेको छैन । विश्व जनसंख्याको १.५ बिलियनभन्दा बढी बालबालिकाहरूले ओगटेका छन् भने यी मध्ये २ करोड बालबालिकाहरूले चर्को कुपोषणको शिकार बन्नुपरेको छ (युनिसेफ, १९९२: २५) ।

पन्ध्र करोड बालबालिकाको तौल कम छ, अफ्रिका तथा एसियाको कतिपय मुलुकमा एक करोड जति बालबालिकाहरूलाई जुकाले सताएको छ (युनिसेफ, १९९२: २४) ।

विश्वमा हजारौँ-लाखौँ बालबालिकाहरू युद्ध सघंर्षबाट मारिए, घरबार विहीन हुन पुगे, टुहुरा-टुहुरी भए तथा अन्य विशेष अप्ठ्यारो स्थितिमा छन् (द स्टेट अफ द वर्ल्ड चिल्ड्रेन १९९५: ४) ।

विश्वका लाखौँ-लाख बालबालिकाहरूले बिनाकारण यातना भोगिरहेका छन् । यिनीहरू अबोध छन् तर पनि युद्धको बम गोलाको यातनादेखि देशको आर्थिक स्थिति र ऋणभार यी बालकमाथि पर्न गैरहेको छ । धेरैजसो राष्ट्रमा आर्थिक स्थिति कमजोरीको कारणले वा भोक, रोग, अशिक्षा आदिको कारणबाट नै अपराध हुने गर्दछ । आर्थिक स्थिति कमजोर हुनुबाट नै अपराधी भावनाको जन्म हुन्छ । एकातिर गरीब ऋण ग्रस्त देशका बालबालिकाको संख्यामा वृद्धि हुँदै गैरहेको छ भने अर्कोतिर संसारका बाल जनसंख्यामध्ये करिब एक चौथाई यिनै विकासशील मुकुकमा छन् (युनिसेफ १९९४: २१) ।

यसरी विकासशील देशहरूको स्वास्थ्य, शैक्षिक, बाल शोषण आदिको स्थितिबाट हेर्दा यहाँ रहेका क्षेत्रमा अभाव पाइन्छ । दक्षिण एसियाको आर्थिक स्थिति दिन प्रतिदिन घट्दै गैरहेको छ । प्रत्येक दिन लाखौँ-लाख बालबालिकाहरू दरिद्रता, आर्थिक असम्पन्नताबाट भोक, रोग, निरक्षरता घरबारविहीन अवस्थाबाट र वातावरणीय विनाशबाट दुःख भोग्ने गरेका छन् । साथै बाह्य ऋण सम्बन्धी समस्या र अटुट रूपमा जीवन धान्न पुग्ने आय वृत्तिको अभावले पनि दुःख झेलिरहेका छन् (युनिसेफ १९९२: २) ।

विश्वमा युद्ध संघर्षबाट घरबार विहीन र टुहुरी, अन्धा-अपाङ्ग शरणार्थी जस्ता सामाजिक अवहेलनाको शिकार भै अप्ठ्यारो स्थितिमा परेका बालबालिकालाई सन् (२९७९)मा भएको सामाजिक विकासको रिपोर्टअनुसार कसैले ग्रहण नगरेको अवस्थामा राज्यले कुनै संस्था वा गृहमा राख्ने व्यवस्था उल्लेख पाइन्छ । यसरी

आज विश्वका प्रायःजसो सरकारी तथा गैर सरकारी संस्थाहरू बालविकास, बालबचावट हित सम्बर्द्धन तथा संरक्षणतर्फ सजग भैसकेका छन्। युनिसेफको स्थापना बालबालिकालाई आपत्कालीन अवस्थाबाट उद्धार गर्न र बालविकास गर्ने हेतुले भएको हो। हाल १२८ वटा मुलुकमा युनिसेफ कार्यरत छ (युनिसेफः २)।

पारिवारिक गरिबी, बाबु-आमाको मायाको अभाव हेलो तथा भेदभाव कारण थुप्रै बालबालिका घर छोडी सडकमा बेसहरा भएका कारण उनीहरू बाध्य भएर पनि बालगृहमा आउनु पर्छ। नेपालले संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरिसकेको छ, साथै बाल कानूनको तर्जुमा समेत भएर कार्यान्वयन गर्ने निर्णय समेत भैसकेको छ। सरकारले हालै एक राष्ट्रियस्तरको केन्द्रीय बाल समिति तथा जिल्ला समितिहरूको स्थापना गर्ने निर्णय समेत गरिसकेको छ (एक तथ्य चित्र २०५२: ७२)।

२०३५-३६ लाई संयुक्त राष्ट्रसंघको महासभाले "अन्तर्राष्ट्रिय बाल पर्व" घोषणा गरेपछि प्रत्येक राष्ट्रले झैं नेपालले पनि आफ्नो बालकको विकासमा ध्यान दिँदै आइरहेको छ। यद्यपि हाम्रो देश लगायत भारत, पाकिस्तान, भुटान आदि देशहरूमा बालक र बालिकामाथि प्रशस्त भेदभाव राखेको पाइन्छ। नेपाली उखान *छोरालाई काखा छोरीलाई पाखा* गरेको ज्वलन्त उदाहरणहरू हामी दैनिक जीवनमा प्रशस्त भेट्टाउँछौं। छोरालाई बढीमात्रामा शोषण भएको गाउँघरतिर बढी मात्रामा पाइन्छ। यसैलाई दृष्टिगत गरी सार्कले सन् १९९० लाई "सार्क बालक वर्ष" को रूपमा प्रशासन कार्यक्रम संचालन गरी मनायो भने सन् १९९१-२००० सम्मको दशकलई "सार्क बालिका दशक" को रूपमा विभिन्न प्रचार-प्रसारको माध्यमद्वारा छोरी समान् हुन् भनेर मनाइ रहेको छ र समानतामा प्रशस्त मात्रामा जोड दिँदै आइरहेको छ।

संविधानले पनि वि.सं. २०४८ मा बाल ऐन तर्जुमा गरी वि.सं. २०५० बैशाख १ गतेदेखि सो ऐन लागू हुने व्यवस्था गरिसकेको छ। संवैधानिक दृष्टिकोणमा सबै बालबालिका एक सरह भएतापनि बालबालिकाको सामाजिक

अवस्था एकै प्रकारको छैन। कोही आफ्नो आमा-बाबुको लाड-प्यार पाएर फूल झैँ हुर्कने गर्दछन् भने कोहि, बाबुआमाविहीन अनाथ भै आफ्नो जीवन बिताउन वाध्य छन्। कोही आमाबाबु भएर पनि अर्कोको ठाउँमा ज्याला मजदूरी गर्न वाध्य छन्। अनाथ भन्ने वित्तिकै आमाबाबुविहीन भन्ने बुझिन्छ। कोही अनाथले विभिन्न अनाथालयमा आश्रय पाएर आफ्नो जीवन बिताइरहेका छन् भने कैयौं बालबालिकाहरू सडक मै मर्ने पनि गर्दछन्। बच्चाहरू अनाथ हुने प्रवृत्ति नेपालमा पनि बढ्दै गइरहेको छ। यो समस्याको समाधान उचित संरक्षण सम्बर्द्धन बेलैमा नगरेको खण्डमा देशको विकास कार्यमा यो वाधक सिद्ध हुनेछ।

हाम्रो देशको कुल जनसंख्याको १,८४,९१,०९८ पुगेको छ। जसमध्ये कुल जनसंख्याका ४२.४%, ०-१४ वर्षका बालबालिका पर्दछन् (नियोजन १९९३: ४५)।

हरेक राष्ट्रले आ-आफ्नो उत्थानको लागि बालबालिकामाथि ध्यान दिनुपर्ने कुरा नितान्त जरुरी छ। अझै अनाथ र अपाङ्ग बालकप्रति सहानुभूतिपूर्वक सरकारी तथा गैर सरकारी निकायले सोच्नुपर्ने कुरा झनै जरुरी छ। हाम्रो देश नेपालमा पनि विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रहरूबाट विभिन्न वर्ग र समुदायका थुप्रै अध्ययन र अनुसन्धान भएका छन्। अनुसन्धान विभिन्न रूपमा बेग्लाबेग्लै रहेका र अन्तरक्रिया नियमित नभएका स्थितिमा अझै पनि यी संघहरूबाट रहेका बालहितका लागि उपयुक्तः तथ्याङ्क सजिलोसँग उपलब्ध हुन नसक्ने स्थिति रहेको छ (एक तथ्य चित्र २०५३: १)।

बाल संरक्षण अभावको हाम्रो देशको चौतर्फी विकास कार्यमा वाधक सिद्ध भएको छ। जसको फलस्वरूप देशले जनतालाई आधारभूत आवश्यकता पुऱ्याउन सकिरहेको छैन जो सबैका लागि अति जरुरी छ।

बालअधिकारसम्बन्धी सिद्धान्तहरू

बालअधिकार महासन्धिले मूलभूत रूपमा चारओटा सिद्धान्तहरू अङ्गीकार गरेको छ। बालअधिकार संरक्षण र सम्बर्द्धनका लागि यी चार सिद्धान्त मुख्यः मार्गदर्शकको रूपमा रहेको छ। हाम्रा व्यवहार क्रियाकलापहरू र विकासका

कामहरू यी सिद्धान्तहरूको विपरीत हुनुहुँदैन। समय-समयमा हुने र गरिने कामहरू बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने खालको छन् वा छैनन् भनी जाँच गर्ने एक महत्वपूर्ण मापदण्ड वा कडीको रूपमा बालअधिकारको आधारभूत चार सिद्धान्तहरूलाई लिन सकिन्छ। अतः बालबालिकाको निम्ति काम गर्दा सबैले यस सिद्धान्तलाई जीवन पद्धतिको नियम वा जीवन उपयोगी मन्त्रको रूपमा लिएर काम गर्नुपर्ने देखिन्छ। बालअधिकारका सिद्धान्तहरू निम्नअनुसार रहेका छन्:

- भेदभाव रहित
- दीर्घ जीवन र विकास
- बालबालिकाको सर्वोत्तम हित।
- बालबालिका विचार र भावनाको कदर ।

भेदभाव रहित

बालअधिकार सबै बालबालिकाको लागि समान आवश्यकताको विषय भएकोले यी अधिकारहरू सबैलाई विना भेदभाव उपलब्ध गराउनु पर्छ। बालअधिकार उपयोगको क्रममा कुनै पनि बालबालिकालाई निजका बाबुआमा अभिभावकको जाति, लिंग, रंग, भाषा, धर्म, वर्ग, राजनैतिक वा अन्य विचार राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति अशक्तता, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न नहुने कुरा यस महासन्धिको एउटा महत्वपूर्ण सिद्धान्तको रूपमा रहेको छ।

भेदभावको कारण कसैले पूर्ण अधिकारको उपभोग गर्न पाएको हुन्छ भने कसैले आंशिक अधिकार उपभोग गर्न पाएको हुन्छ। कोही त अधिकारबाट पूर्णरूपमा वञ्चित हुन पुगेका हुन्छन्। यस्तो हुनु मानवअधिकारको दृष्टिकोणले कर्तव्य बाहकको गैर जिम्मेवारीपूर्ण काम हो भन्न सकिन्छ। बालअधिकार संरक्षण र सम्बर्द्धन कर्तव्य बाहकको हातमा हुन्छ तर उनीहरूबाट बालबालिकामाथि विभिन्न

खालको भेदभाव हुन्छ भने त्यहाँ बालअधिकारको निर्मम तरिकाले बलात्कार भैरहेको हुन्छ । यसो हुनु कदापी राम्रो होइन ।

हाम्रो समाजमा छोराको भन्दा छोरीको बढी गर्भपतन गराउने प्रचलन बढेको हुन्छ । त्यस्तै गरी छोरीलाई सानै उमेरमा नै विवाह गराइ उम्कने चलन छ । छोरा बुढेसकालको सहारा, छोराले मरेपछि दागबत्ती दिने र स्वर्गको ढोका खोलिदिने धार्मिक संस्कारगत मान्यताको कारण छोरीको भन्दा छोराको गरिमा र महत्व कायम हुनु र त्यसअनुसार छोरा र छोरीप्रति भेदभावपूर्ण व्यवहार गरिन्छ । जातिपातीको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहारले हाम्रो समाजको संस्थागत प्रणालीकै विकास भैसकेको छ । यस सन्दर्भमा बालअधिकारको भेदभाव रहितको सिद्धान्तलाई शिरोधार्य गरी हामीलाई अगाडि बढ्न निकै चुनौतिपूर्ण सामना गर्नु परेको छ ।

## बालबालिकाको सर्वोत्तमहित

यस सिद्धान्तले Putting the child first भन्ने मूल मान्यतालाई आत्मसाथ गरेको छ । वयस्क व्यक्तिहरूको बोली, व्यवहार र क्रियाकलापहरू बाल-बालिकाहरूको समुचित विकासमा सकारात्मक प्रभाव पार्ने खालको हुनुपर्दछ । त्यस्तै गरी कर्तव्य बाहकको रूपमा रहेका सामाजिक संघ,संस्था, संगठनहरूका काम, भूमिका र नीतिहरू पनि बालबालिकाको सर्वोत्तम हितसँग सम्मलित हुनुपर्छ । सरकार, यसका संरचना र यस अन्तर्गत काम गर्ने पदाधिकारीहरूको कार्यशैली पनि बालबालिकाको सर्वोत्तम हितलाई प्रवर्द्धन गर्ने खालको हुनपर्दछ । राज्यले कानून बनाउँदा, कानून कार्यान्वयन तथा व्याख्या गर्दा, विकासका योजना, नीति तथा कार्यक्रम ल्याउँदा बालबालिकालाई उत्तम फाइदा हुने किसिमले ल्याउनु पर्दछ भन्ने मान्यता बालबालिकाको सर्वोत्तम हितसँग सम्बन्धित छ ।

हाम्रो समाजमा देखिने हाम्रो व्यवहार तथा कार्यशैलीको संस्थागत संरचना र प्रणाली हेर्दा, यी सबै बालबालिकाको सर्वोत्तम हितलाई प्रवर्द्धन गर्ने खालको छ भन्न सकिने अवस्था छैन । हामीले बालबालिकाका सामुन्ने वयस्कले बोल्ने हाम्रो

बोलीहरू, उनीहरूप्रति व्यवहार गर्ने हाम्रा व्यवहारका शैलीहरू र उनीहरूलाई हेर्ने हाम्रो परम्परागत सोंच दृष्टिकोण बालबालिकाको हित विपरीत देखिन्छ। हामीबाट व्यक्त हुने अश्लिल शब्दहरू र असभ्य व्यवहारहरू पोखिने रिस आक्रोशहरू र यातना गरिने जस्ता कुराहरू सबै बालहित विपरीत हुन्। खराब वातावरणले खराब नै सृजना गर्दछ। यसतर्फ हामी बढी सचेत र गम्भीर हुनुपर्ने देखिन्छ।

## दीर्घजीवन र विकास

स्वास्थ्य र सुरक्षा नै दीर्घ जीवनको आधार हो। बाँच्न पाउने बालबालिकाको जन्मसिद्ध अधिकार भएतापनि केवल बाँच्नुले मात्र पूर्ण सार्थकताको आकार ग्रहण गर्न सक्दैन। तसर्थ बालबालिकाको शारीरिक, मानसिक, वौद्धिक, सामाजिक, संवेगात्मक विकासको लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरू बालबालिकाहरूलाई उपलब्ध गराउनु पर्छ। तसर्थ दीर्घ जीवन र विकासको सिद्धान्त बालअधिकारको आधारभूत मान्यतासँग जोडिएको छ।

अत्यन्त गरिबी, अशिक्षा, अज्ञानता, परम्परागत सोंच, व्यवहार र भूमिका, सेवा सुविधाको कार्य, कुपोषण, सुरक्षित मातृत्व प्रतिको गैर जिम्मेवारीपन र उदासीनता, स्याहारसुसारमा उचित ध्यान नपुग्नु जस्ता कारणहरूले बालबालिकाको दीर्घजीवन र विकासमा प्रतिकूल प्रभाव पारेको छ।

## बालबालिकाको विचार र भावनाको कदर

बालबालिकाको विचार र भावनाको कदर गरिनु पर्दछ भन्नेकुरा बालबालिकाको हक सिद्धान्तको रूपमा स्थापित छ। बालसरोकारका विषयहरूमा बालबालिकाहरूलाई मन लागेको कुरा व्यक्त गर्न दिनुपर्छ। आफ्ना सरोकारका विषयमा आफ्नो विचार र भावना स्वतन्त्र रूपमा बालबालिकाहरूले व्यक्त गर्न पाउनु पर्छ। उनीहरूको उमेर र परिपक्वताको आधारमा ती कुराहरूको कदर गर्दै उनीहरूको सम्मानजनक सहभागितामा वृद्धि गरिनुपर्छ। बालबालिकाहरू समाजका अभिन्न भाग हुन्। यिनीहरूको अभावमा समाज पूर्ण हुनसक्दैन भने यिनीहरूको

उपयुक्त विकास नभएमा सामाजिक विकासमा वाधा उत्पन्न हुन्छ। भोलिको विकासको रथ हाक्ने आजका बालबालिका नै हुन् । तसर्थ बालसरोकारका क्षेत्रमा उनीहरूको सहभागितालाई प्रोत्साहन गर्दै उनीहरूको विचार र भावनालाई मान्यता दिनु र कदर गरिनु पर्छ ।

हाम्रो समाजमा बालबालिकाहरूलाई चुप लगाउने चलन छ र बाल आवाजलाई कुनै स्थान दिंदैनौ । बालबालिकाले केही पनि जान्दैनन् भन्ने मान्यता राख्छौ । उनीहरूलाई वेवास्ता गर्छौ तर अहिलेको आधुनिकीकरण शिक्षा र विश्व संचारले व्यस्कहरू भन्दा बालबालिका केही क्षेत्रमा निकै अगाडि पुगेका छन् । यसतर्फ हामीले हेक्का नै राख्दैनौ । बालबालिकाको इच्छा, चाहना, भावना र विचारको कुनै कदर हुदैन । हामी त्यसप्रति आँखा चिम्लेर बसेका हुन्छौ । यसप्रकारको हाम्रो परम्परागत सोंच र शैलीले बालबालिकाको रचनात्मक विकास प्रक्रियामा अवरोध सृजना गरेको छ। वयस्कहरूले बालबालिकालाई कुरै सुनाउन चाहदैनन् । सुनाइहाल्यौ भने पनि एकोहोरो सुनुवाइ मात्र गर्न लगाउँछौं । प्रतिक्रियात्मक सुनुवाइका लागि बालबालिकाहरूलाई अभिप्रेरणा दिने हौसला र प्रोत्साहन गर्ने कार्यले उनीहरू बढी सृजनात्मक र तार्किक भएर निस्कन सक्छन् तर यस्ता संभावनाहरूलाई हामीले रोक्नु पर्छ । यस्ता व्यवहारले उनीहरूको कुण्ठा, नैराश्यता, ईर्श्या, डाहा गर्ने प्रवृत्तिको विकास गराउँछ ।

## २.२ बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धि

संयुक्त राष्ट्रसंघको वडापत्रमा घोषित सिद्धान्तहरू अनुरूप यस वर्तमान महासन्धिका राज्यपक्षहरूले मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अखण्डनीय अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हुन् भन्ने कुरालाई मनन् गर्दै राष्ट्रसंघको आधारभूत सिद्धान्तहरू र मानव अधिकार सन्धिहरू तथा घोषणाहरूका केही निश्चित तथा सम्बर्द्धन प्रावधानलाई स्मरण गर्दै, बालबालिकाहरूको दयनीय अवस्थाको कारणले

उनीहरूलाई विशेष स्याहार र संरक्षणको खाँचो पर्छ भन्ने कुरा पुनः समर्थन गर्छ र प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तर दायित्व जन्मनु अगाडि र जन्मेपछि बालबालिकाहरूलाई आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा र समुदायको सांस्कृतिक मूल्यहरूप्रतिको आदर बालअधिकार साकार पार्नमा अन्तर्राष्ट्रिय सहयोगको प्रमुख भूमिकामाथि विशेष जोड दिएको छ ।

सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बालअधिकारसम्बन्धी महासन्धि भाग-१ को धारा-१ मा बालकको परिभाषा यसरी दिइएको छ । कानूनद्वारा वयस्यकताको उमेरको अन्यथा अवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ । धारा-२ मा विना अपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण बालबालिकालाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनु राज्यको कर्तव्य हुनेछ । राज्यले कुनै पनि अधिकारको हनन् गर्नु हुँदैन बरु ती अधिकारहरूको प्रवर्द्धनका लागि सकारात्मक कार्य गर्नु पर्दछ ।

धारा-३ मा बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूका उच्चतम हितलाई मध्यनजर राख्नेछन् । बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाका हितमा काम गरेनन् भने राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहार संभारको व्यवस्था गर्नुपर्ने छ ।

धारा-४ मा यस महासन्धिमा उल्लेखित अधिकारहरूलाई वास्तविकतामा उतार्नु राज्यको दायित्व हुनेछ ।

धारा-५ मा बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेलखाने किसिमसँग मार्गदर्शन प्रदान गर्न बाबु आमा र ठूला परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व ।

धारा-६ मा बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाको दीर्घजीवन र विकासप्रति राज्यको दायित्व ।

धारा-७ मा जन्मेदेखि नाम राख्न र राष्ट्रियता प्राप्त गर्ने बालबालिकाको अधिकार ।

धारा-८ मा बालबालिकाको परिचयका आधारभूतका कुराहरू (नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध) संरक्षण गर्ने र आवश्यकता अनुसार पुनः स्थापना गर्नु राज्यको दायित्व ।

धारा-९, बालबालिकाको सर्वोत्तम हितहरू विपरीत हुने अवस्थामा बाहेक आफ्नो आमाबाबुसँग बसोबास गर्ने अधिकार । आमा वा बाबु दुवैबाट छुट्टिएमा सम्पर्क राख्न पाउने अधिकार । राज्यको काम कारवाहीले गर्दा बाबुआमाबाट अलग हुन गएमा राज्यले निर्वाह गर्नुपर्ने दायित्व ।

धारा-१०, पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निम्ति बालबालिकाले र निजको बाबुआमा कुनैले पनि कुनै मुलुक छाड्ने वा आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार ।

## २.३ द्वन्द्वपछि बालबालिकाको अवस्था

शान्ति सबैका निम्ति अत्यावश्यक कुरा हो । तर बालबालिकाको निम्ति भने यो अपरिहार्य नै हो । शान्ति विना बालबालिकाहरूको विकास सहज हुन सक्दैन । बालबालिकाहरूको निम्ति नभई नहुने कुरा भनेको शिक्षा, स्याहार, माया-ममता हो । त्यसैगरी उनीहरूका निम्ति अत्यावश्यक कुरा भनेको खेल, मनोरञ्जन र पोषण हो । तर यी कुनै पनि कुराहरू शान्तिको स्थापना विना सम्भव छैन । त्यसैले सार्थक शान्तिका निम्ति सब एकजुट भएर लाग्नु नागरिक दायित्व पनि हो ।

युद्ध प्रभावित बालबालिकाहरूको हकअधिकारलाई लिएर थुप्रै बहस र छलफलहरू भएका छन् । “बालबालिका शान्ति क्षेत्र हुन्” भन्ने राष्ट्रिय अभियान सुरु भएको छ । युद्ध प्रभावित क्षेत्रमा बालबालिकाहरूको संरक्षणका निम्ति विभिन्न आपतकालिन राहत तथा संरक्षण लगायत शैक्षिक वातावरण निर्माण गर्नका निम्ति

नागरिक समाज र बालबालिकाका निम्ति क्रियाशील संघसंस्थाहरूको तर्फबाट विभिन्न प्रयत्नहरू भएका छन् । तर यसको बाबजुद यस अवधिमा थुप्रै बालबालिकाहरू सशस्त्र द्वन्द्व र हत्या हिंसाको कारण मृत्यु भएका छन् । घाइते भएका छन्, टुहुरा र अपाङ्ग भएका छन् ।

बालबालिकाहरू सुकोमल परिस्थितिका कोपिलाहरू जस्तै हुन्, तसर्थ बालबालिकाहरू भनेका "शान्ति क्षेत्र" हुन् । सामान्यतयाः उनीहरू निर्दोष प्रकृतिका मानिसहरू हुन् । तर घरपरिवार, समुदाय वा देशमा कुनै पनि प्रकारको हिंसा वा सशस्त्र सङ्घर्ष हुन गयो, भने त्यसको सबैभन्दा ठूलो असर बालबालिकाहरूलाई नै हुने गर्दछ । बालबालिकाहरूको शारीरिक र मानसिक स्थिति कमजोर हुने हुँदा उनीहरूलाई सानोभन्दा सानो हिंसाले पनि गहिरो चोट लाग्न सक्दछ । यदि हामीले यस्तो वास्तविकतालाई बुझ्न सकेनौं भने हाम्रो भविष्य अंधेरो पनि हुन सक्दछ ।

युद्ध वा सशस्त्र सङ्घर्षको अर्को कारण पक्ष भनेको शासनपद्धतिको प्रकृति पनि हो । आजभोलिको जमानामा शासनपद्धति जस्तोसुकै प्रकारको भएतापनि त्यो प्रजातान्त्रिक, सहभागितामूलक र स्वतन्त्र किसिमको हुनु जरुरी छ । सशस्त्र द्वन्द्वको कारण बालबालिकाहरूमा पारेको प्रभावको बारेमा सिविन सूचना स्रोत केन्द्रले समयसमयमा सार्वजनिक गर्दै आएको छ । अहिलेसम्म उपलब्ध सूचना र तथ्याङ्कहरूलाई अध्ययन गर्दा सशस्त्र द्वन्द्वको कारण सयौं (करिब तीनसय) बालबालिकाहरूको मृत्यु भइसकेको छ, हजारौं बालबालिकाहरू अङ्ग-भङ्ग, घाइते र गम्भीर बिरामी हुन पुगेका छन् । युद्धमा आफ्ना बाबुआमा वा अभिभावकहरूको मृत्युको कारण २००० भन्दा बेसी बालबालिकाहरू अनाथ र टुहुरा हुन पुगेका छन् ।

कुनै पनि समाजका निम्ति हत्या-हिंसाको संस्कृति भनेको गलत कुरा हो । यसले बालबालिकाहरूको सर्वाङ्गिण विकासमा असाध्य नकारात्मक असर पार्दछ । बालबालिकाको लागि युद्ध एक सदैव विनाशकारी कुरा हो । जुन ठाउँमा युद्ध र हिंसा भइरहेको हुन्छ, त्यहाँको सामाजिक मनोविज्ञान सदैव डर र भयले ग्रस्त भएको हुन्छ । जीवन रक्षाका निम्ति र बालबालिकाहरूको भविष्यको निम्ति

मानिसहरू युद्धरत क्षेत्रबाट मानिसहरू पलायन भएको हुन्छ । कतिपय परिवारहरूमा विचलनको स्थिति पनि खडा हुनसक्दछ । गाउँघरहरूमा युद्धको स्थिति चर्किदै जाँदा कैयौं मानिसहरू आफ्नो जन्मस्थान छाडेर टाढाटाढा शरणार्थी हुन पुगेका हुन्छन् । युद्धरत क्षेत्र बालबालिकाको निम्ति जहिले पनि एउटा जोखिमपूर्ण क्षेत्र हो । शान्ति सुरक्षाको दृष्टिकोणले मात्रै होइन । सामाजिक सुरक्षाको दृष्टिकोणले पनि युद्ध प्रभावित क्षेत्रहरू बालबालिकाको हित अनुकूलको हुन सक्दैन । तसर्थ, सार्थक शान्ति स्थापनाको सबैाल सम्पूर्ण बालबालिका र सिङ्गो समाजको गम्भीर चासोको विषय हो ।

बालबालिका कुनै एक रोगले ग्रसित छैनन् । बेग्लाबेग्लै राष्ट्रमा बेग्लाबेग्लै चर्को समस्या उत्पन्न भएको देखिन्छ । बालबालिकाको स्वास्थ्य स्थितिलाई हेर्दा दक्षिण एसियाको बाल जनसंख्याको १३% लाई फलामको कमी छ । भुटानमा ५६% कुपोषणले पीडित छन् । भारतमा वर्षेनी भिटामिन ए को कमीले ४० हजार बालबालिका अन्धो हुने गरेका छन् भने पाकिस्तानमा भने ३% ले भिटामिन ए को कमीबाट २५% तौल कम कुपोषण, रक्त अल्पता जस्ता रोगले पीडित छन् (बाल सरोकार, २०५३: ३) ।

यिनै विभिन्न रोगका कारण बालबालिका ग्रसित छन् । जसको फलस्वरूप विकसित मुलुकको दाँजोमा दक्षिण एसियाको बाल मृत्युदर पनि अत्यन्त बढी रहेको छ । यसको तथ्याङ्क हेर्दा भुटानमा १ वर्ष मुनिका प्रतिहजार १२५ जना र ५ वर्ष मुनिका प्रतिहजार १९५ जना, बंगलादेशमा १ वर्ष मुनिका ११३ प्रतिहजार र ५ वर्ष मुनिका १६२ प्रतिहजार, नेपालमा १ वर्ष मुनिका १०७ प्रतिहजार र ५ वर्ष मुनिका १४६ प्रतिहजार, माल्दिभ्समा १ वर्ष मुनिका ३८ प्रतिहजार बालबालिकाको मृत्यु हुने गरेको छ (बाल सरोकार: २) ।

यसरी प्रतिवर्ष ठूलो संख्यामा बालबालिकाको मृत्यु हुनुको पछाडि स्वास्थ्य शिक्षाको कमी, खाद्यान्नको कमी, सेवाको कमी, अशिक्षा, पारिवारिक वातावरण जस्तैः गरिबी, अज्ञानता आदिका कारण हुने गर्दछ । त्यस्तै गरेर शिक्षा तथा प्रचार-

प्रसारको कमीले गर्दा वर्षेनी यस्तो हानी हुने गर्दछ भन्ने कुरा समाजले बुझिसकेको छैन । जीवनजल र पुनर्जलीय उपचारबारे अझै अनभिज्ञ छन् ।

स्वास्थ्यपछि मानव जीवनमा शिक्षाले ठूलो स्थान ओगटेको हुन्छ । शिक्षाको माध्यमबाट मानिसले विभिन्न कुरा सिक्दछ, जान्दछ र सभ्य बन्दछ । शिक्षाद्वारा बालकले नैतिकता र असल आचरण पनि सिक्दछ । जुन उसको जीवनको लागि सबैभन्दा आवश्यक कुरा हो । शैक्षिक स्थिति हेर्दा नेपालमा ६४% बालबालिका विद्यालय भर्ना हुन्छन् तर २७% ले मात्र प्राथमिक परीक्षा पूरा गर्दछन् भने बंगलादेशमा ६३% भर्ना हुने र ३५% ले प्राथमिक शिक्षा पूरा गर्दछन् । श्रीलंकामा भने ९०% मा ८९% ले प्राथमिक शिक्षा प्राप्त गरेका छन् । भारतमा ४९%, माल्दिभ्समा ९५% ले प्राथमिक शिक्षा प्राप्त गरेका छन् (बाल सरोकार, २०५३: ३) ।

अरू देशको दाँजोमा श्रीलंकामा उच्च साक्षरता छ । अंकमा भन्नुपर्दा त्यहाँको साक्षरता दर ९२ प्रतिशत छ जुन तेस्रो विश्वका लागि सोचेंभन्दा राम्रो कुरा हो । श्रीलंकामा दक्षिण एसियामा एक अपवादको रूपमा रहेको छ । श्रीलंकाली संविधानले शिक्षालाई आधारभूत अधिकारको रूपमा राखेको छ । महिलाहरूको लागि शिक्षाको समान अवसर र धेरै प्रभावकारी परिवार नियोजन कार्यक्रम आदि छन्(http://en.wikipedia.org/wiki/Education_in_Sri_Lanka)।

थुप्रै राष्ट्रमा गैरकानुनी वेश्यावृत्तिमा कलिला र उमेर नपुगेका बालबालिका संलग्न भएको पाइन्छ । प्रत्येक राष्ट्रमा वेश्यावृत्ति गैरकानूनी घोषित छ । तर यसको जडै नाश गर्न सकिएको छैन । थाइल्याण्डमा वेश्यावृत्ति गैरकानूनी भएतापनि दस लाखभन्दा बढी वेश्याहरू मध्ये १०% बालवेश्याहरू १३-१४ भन्दा कम उमेरका छन् (बाल सरोकार २०४८: २४) । ब्राजिलमा कार्यरत ५ लाख भन्दा बढी वेश्या मध्ये १५% बेश्याहरू ९ देखि १६ वर्ष सम्मका छन् (बाल सरोकार २०५१: ८) । नेपालको सन्दर्भमा कुरा गर्दा माइती नेपालले दिएको तथ्याङ्कअनुसार यदि अहिलेकै दरमा चेलीबेटी विदेशिने हो भने नेपालको थप ७२ हजार चेलीबेटी बिक्री भएर भारतका विभिन्न वेश्यालयमा पुग्नेछन् ।

नेपालको विभिन्न भेगमा यो प्रवृत्ति फैलिँदै गएको छ। मिलिजुली समूहअन्तर्गत जोखिममा परेका बालबालिकाहरूको सर्वेक्षण गर्दा नुवाकोटको लामागाउँ तथा सिन्धुपाल्चोक जिल्लाको महांकाल गाउँमा १२ वर्षका बालिकादेखि ४५ वर्षका महिलासम्म आफ्नै परिवारको सदस्यद्वारा बेचिने गरेको पाइन्छ। विभिन्न अनुसन्धानद्वारा बालवेश्या भएर जोखिमपूर्वक बाँच्न बाध्य बालकहरू भेट्टाइन्छ (एक तथ्य चित्र, २०५२: ७५)।

अभिभावक वर्गले बालबालिकाको यौन शोषण हुनुमा अप्रत्यक्ष रूपमा भएतापनि केही हदसम्म मद्दत पुऱ्याइरहेका छन्। नेपालमा १४ वर्षमुनिका बालबालिकाको विवाह प्रतिशत र बालबालिकाहरूको बाल विवाह २२.५% रहेको छ। त्यस्तै गरेर २५ वर्षको उमेर पुगेपछि विवाह गर्ने पुरुषहरूको संख्या ६.४% प्रतिशत पाइन्छ भने महिलाहरूको संख्यामा २.५% मात्र छन्। बालिका बिक्री र देह व्यापारसँगसँगै नेपालमा पनि बालक वेश्यावृत्तिको समस्या थपिएको छ। बालकहरूलाई वेश्यावृत्तिमा संलग्न गराउने धन्दा (Boy Prostitution)पनि यौन पर्यटक (Sex Tourists)वृद्धिले अरू गम्भिर बनाएको छ। बालक वेश्यावृत्तिमा तथा महिला बेचबिखनमा संलग्न व्यक्तिहरू उपर कारवाही नहुनाले यस्तो धन्दा दिनप्रतिदिन बढ्दै गैरहेको तर्फ पनि हामीले सरकारको ध्यान आकृष्ट गराउन चाहन्छौँ
(एक तथ्य चित्र २०५२: ७८)।

कुनै पनि बालबालिका शारीरिक तथा मानसिक रूपले परिपक्व हुँदैनन्। त्यसैले उनीहरूलाई कानूनी सुरक्षा दिनु अति आवश्यक छ। तसर्थ विश्वका बालबालिकाहरूको सामाजिक, शैक्षिक, शारीरिक विकास गर्ने अभिप्रायः बोकी विश्व बालअधिकारको सूत्रपात सन् १९२४ को जेनेभा घोषणापत्रबाट नै भएको देखिन्छ भने सन् १९४८ घोषणापत्रले यसलाई विकसित गराइ सक्यो। साथै सन् १९५९ मा संयुक्त राष्ट्र महासभाले गरेको बालअधिकार घोषणाले एउटा दिशा निश्चित गऱ्यो। बालअधिकारलाई बाल पर्व घोषण गरी विश्वलाई नै बालबालिकातर्फ ध्यान आकर्षण गराइसकेको छ भने सन् १९८९ को नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघ र

तिनका प्रावधानलाई अनिवार्य पालन गर्न समेत राज्यलाई जोड दिएको छ। यसैगरी सन् १९९० मा भएको बालअधिकार विश्व सम्मेलनले राज्यलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न जोड दिएको छ भने सन् २००० सम्मका लागि बाल विकासका लक्ष्यहरू तय गरिसकेको छ (बाल सरोकार २०५१: ७)।

संयुक्त राष्ट्रसंघ महासन्धिले बालअधिकारको व्याख्या गर्दै सरकार र अभिभावकवर्गहरूबाट बालबालिकाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, नागरिक, एवं राजनीतिक अधिकारलाई स्थापित गरेको छ।

सन् १९६० तिर विश्वमा झण्डै २ करोड बालबालिकाहरूले आफ्नो पाँचौ जन्म दिन मनाउन पाउँदैनथे। हाल सो संख्या घटेर १ करोड भन्दा कम भैसकेको छ। विश्वव्यापीरूपमा संचालन गरिएका स्वास्थ्य स्थितिमा सुधार ल्याउन मद्दत गरेको हो। यसका वावजुद पनि विश्वमा अझै धेरै बालबालिका निमोनिया र झाडा पखालावाट ज्यान गुमाउन वाध्य छन्। बालमृत्युको ५० प्रतिशत स्थान त कुपोषणले नै लिइरहेको छ।

विश्वमा बालबालिकाको अवस्थालाई तथ्याङकीय रूपमा केही महत्वपूर्ण सूचकहरूको आधारमा हेर्दा :


तालिका नं.२.१

विश्वमा बालबालिकाको अवस्था-२०११

| **विश्व** | **संख्या** | **मिति** |
|---|---|---|
| १८ वर्ष मुनिको जनसंख्या | २२१९५४५००० | सन् २००९ |
| ५ वर्ष मुनिको जनसंख्या | ६३७७२३००० | सन् २००९ |
| बाल मृत्युदर ५ वर्ष मुनिको | ६० | सन् २००९ |
| बाल मृत्युदर १ वर्ष मुनिको | ४२ | सन् २००९ |
| बाल मृत्यु २८ दिन भित्रको | २४ | सन् २००३-२००९ |
| जन्म हुँदा नै कम तौल भएका शिशु | १५ % | सन् २००५- २००९ |
| ५ वर्ष मुनिका कुपोषण (सामान्य) | २२ % | सन् २००३ २००९ |

| | | |
|---|---|---|
| बालबालिका | | |

*स्रोत: विश्वमा बालबालिकाको अवस्था-२०११: यूनिसेफ*




वि.सं. २०५८ को जन गणना अनुसार नेपालको जनसंख्या बृद्धिदर २.२५ प्रतिशत प्रतिवर्ष रहेको छ । सन २०११ को प्रक्षेपित जनसंख्या अनुसार १४ वर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या १,०१,६८,५०० रहेको देखिएको छ । जुन कुल जनसंख्या २,८५,८४,९७५ मध्येको ३५.५७ प्रतिशत हो । चालु वर्षको केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको रीष्ट्रय जन गणनाको विस्तृत विवरण आउन बाँकी नै छ ।


नेपालको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २००६ अनुसार कूल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्ष भन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रति हजार र ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर ६१ प्रतिहजार रहेको छ । स्थानीय विकास मन्त्रालयका अनुसार वि.सं. २०६६ सालमा कूल ५,२५,७१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ जसमा २,४६,३६९ (४६.८६ प्रतिशत) बालिका र २, ७९, ३४६ (५३१) बालक रहेका थिए ।

तालिका नं.२.२

विश्वमा बालबालिकाको अवस्था-२०११

| नेपाल | संख्या | मिति |
|---|---|---|
| ५ वर्ष मुनिको जनसंख्या | १२७१२००० | सन् २००९ |
| ५ वर्ष मुनिको जनसंख्या | ३५०५०० | सन् २००९ |
| बाल मृत्युदर ५ वर्ष मुनिको | ४८ | सन् २००९ |
| बाल मृत्युदर १ वर्ष मुनिको | ३९ | सन् २००९ |
| बाल मृत्यु २८ दिन भित्रको | २७ | सन् २००५-२००९ |
| जन्म हुँदा नै कम तौल भएका शिशु | २१% | सन् २००३- २००९ |
| ५ वर्ष मुनिका कुपोषण (सामान्य) बालबालिका | ३९% | सन् २००३ २००९ |
| ५ वर्ष मुनिका कुपोषण कडा भएका बालबालिका | ११% | |

*स्रोत: विश्वमा बालबालिकाको अवस्था-२०११: यूनिसेफ*



नेपाल पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको गण्डकी अञ्चलमा पर्ने ६ वटा जिल्लाहरू मध्ये कास्की जिल्ला एक सुगम पहाडी जिल्ला हो । पर्यटकीय गन्तव्यको रूपमा प्रख्यात: यो जिल्लाको क्षेत्रफल २०१७ वर्ग कि.मी छ । जुन नेपालको कुल भु-भागको १.३७ प्रतिशत हो । यो जिल्लाको सदरमुकाम पोखरा ७५० मीटर उचाई रहेको छ । ७८ भन्दा बढी विभिन्न जातजातिको संयोजन रहेको कास्की जिल्ला कला र संस्कृतिको भण्डार नै हो ।


राष्ट्रिय जनगणना २०६८ सम्पन्न भैसकेको तर विस्तृत प्रतिवेदन नआइसकेको कारण यस सम्बन्धी विश्लेषण २०५८ को तथ्याङ्कको आधारमा गर्नु पर्ने अवस्था रहेको छ । वि.स. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार कास्की जिल्लाको जम्मा जनसंख्या ३,८०,५२७ रहेको छ । जसअनुसार १४ वर्ष मुनीका बालबालिकाको जनसंख्या १,३१,५२५ रहेको छ जुन जम्मा जनसंख्याको ३४.५६ प्रतिशत हो । त्यस्तै १६ वर्ष मुनिका बालबालिकाको जनसंख्या मात्र १,४२,८१४ रहेको छ जुन जम्मा जनसंख्याको ३७.५३ प्रतिशत हो ।

तालिका नं.२.३

जिल्लाकाबालबालिकाको कूल जनसंख्या

| उमेर समूह | वि.सं. २०५८ (सन् २००१) को वास्तविक | | | सन् २००६ को प्रक्षेपित जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ०-४ वर्ष | २०६०२ | २१९९८ | ४२६०० | २३१४६ | २४९८७ | ८४१३२ |
| ५-९ वर्ष | २०८९९ | २१६१६ | ४२५१५ | २१०४९ | २२६४९ | ४३६९८ |
| १०-१४वर्ष | २३३५२ | २३०५८ | ४६४१० | २४२०३ | २४४३० | ४८६३३ |
| १५-१९ वर्ष | २३०११ | २३०९५ | ४६१०६ | २५७४५ | २७७८८ | ५३५३४ |
| कूल | ८७८६४ | ८९७६७ | १७७६३१ | ९४११४३ | ९९८५४ | १९३९९७ |

*स्रोत: तथ्याङ्क कार्यालय, कास्की*




केन्द्रीय बालकल्याण समितिका अनुसार नेपालमा विभिन्न जिल्लामा गरी ६०२ वटा बालगृहहरू संचालनमा रहेका छन् । नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गरेको बालगृहहरू (क) वर्ग, मापदण्डको नजिक पुगेको बालग्रहहरू (ख) वर्ग रहेका छन् । मापदण्डभन्दा बाहिरका बालगृहहरू (ग) र (घ) वर्गमा रहेका छन् । यस्ता बालगृहहरू अत्याधिक रहेको देखिन्छ । (क) वर्ग र (ख) वर्ग भन्दा (ग) वर्ग र (घ) वर्गमा परेका बालगृहहरूको अनुगमन कार्यलाई गुणात्मक नतिजा आउने गरी बढाउनु जरुरी छ । २०६६ असारसम्म जिल्लामा संरक्षण तथा पुनस्थापना केन्द्र शक्ति समूहले संचालन गरेको आपत्कालीन केन्द्र र विभिन्न चर्चले संचालन गरेका बालगृहहरू समेतलाई गणना गरिएको थियो । वि.सं. २०६८ को मंसिर महिनासम्म आइपुग्दा कास्की जिल्लाका बालगृहहरूको संख्या ५८ पुगेको छ । सबै बालगृहहरूमा गरी हाल जम्मा ६४२ जना बालिका र ६२५ जना बालक गरी जम्मा १२६७ जान बालबालिकाहरू आश्रित रहेका छन् ।

तालिका नं. २.४

कास्की जिल्लामा संचालित बालगृहहरूको विवरण

| बालगृहको श्रेणी | | | | श्रेणी निर्धारण नभएका | जम्मा बालगृह | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क | ख | ग | घ | १२ | ५८ | ६४२ | ६२५ | १२६७ |
| २ | ९ | १९ | १६ | | | | | |

*स्रोत : जिल्ला बालकल्याण समिति कास्की, २०६८*

बालगृह संचालन गर्नु पूर्व जिल्ला प्रशासन कार्यालयबाट बालगृह संचालनको अनुमती लिएर मात्र संचालन गर्नु पर्ने हुन्छ । कास्की जिल्लामा अझै पनि केहीबालगृहहरू अनुमति नलिइ संचालनमा रहेका र नियम विपरीत बालबालिकालाई राखेर बालगृह संचालन गरिरहेकाले त्यस्ता संचालकहरूलाई र बालगृहलाई कानूनी दायरामा ल्याउनु पर्ने देखिन्छ ।

तालिका नं.२.५

बालगृहहरूमा संरक्षित बालबालिका



नेपाल सरकारले तोकेको बालगृह संचालन सम्बन्धी न्यूनतम मापदण्ड २०६०अनुसार यस जिल्लाका बालगृहहरूलाई वर्गीकरण गर्दा (२) वर्गमा दुई वटा बालगृह (ख) वर्गमा नौ वटा बालगृह (ग) वर्गमा १९ वटा बालगृह र (घ) वर्गमा १६ वटा बालगृह रहेका छन् भने १२ वटा बालगृहहरूको श्रेणी निर्धारण हुन बांकी रहेको छ ।

## २.४ पूर्वसाहित्यको समीक्षा/बालबालिकासम्बन्धी विभिन्न अध्ययनहरू

नेपालका विभिन्न भागमा अवस्थित बालबालिकाको विभिन्न कुराहरूको विकास तथा बालहितका लागि थुप्रै सरकारी तथा गैर सरकारी तथा अन्तर्राष्ट्रिय संघ-संस्थाद्वारा थुप्रै अध्ययन अनुसन्धान भएको पाइएता पनि अनाथ बालबालिका सम्बन्धी छुट्टै विशेष प्रकारको अध्ययन अनुसन्धान भएको त्यति पाइँदैन। प्रकाशित पूर्व साहित्यहरू मध्येबाट केही मात्रामा अनाथ बालबालिकाको अवस्थाको बारेमा जानकारी भएको छ। विश्वका तथा नेपालका बालबालिकाहरूले भोलिरहेको केही समस्याहरू तथा समाधानका केही उपायहरू प्रकाशित साहित्यहरूमा उल्लेख गरिएको पाइन्छ ।

बालबालिकासम्बन्धी सरोकार राख्ने राष्ट्र तथा युनिसेफ एक यस्तो संस्था हो जसले विश्वका बालबालिकाको स्थिति, भोग्नुपरेका समस्या, समाधानका उपायहरूकोबारेमा अध्ययन तथा संयोजन गर्ने गर्दछ र यसले प्रत्येक वर्ष आफ्नो आकर्षक प्रतिवेदन प्रस्तुत गर्ने गर्दछ। जसमध्ये १९९४ मा प्रकाशित युनिसेफ वार्षिक रिपोर्टमा बालबालिकाहरूले भोग्नुपरेका बेग्ला-बेग्लै समस्याहरूको बारेमा विश्लेषण गरिएको छ। उक्त प्रतिवेदनमा बालअधिकार स्वास्थ्य समस्या, पोषणको समस्या र पोषणका आवश्यकता तथा शिक्षा तथा शैक्षिक स्थितिको विवरणको विश्लेषण गरेको छ (युनिसेफ १९९४)।

दक्षिण एसियाली बालबालिकाको शारीरिक स्थिति, संख्यात्मक स्थिति, शैक्षिक स्थितिको वर्णन गर्दै नेपालमा रहेको ७८ लाख बालबालिकाको बाल मृत्युदर तीव्र हुनुका साथै विभिन्न रोगले ग्रसित भएको र शैक्षिक स्थिति न्यून रहेको छ ।

बालबालिकाहरूलाई स्वच्छ वातावरण, सरसफाइ, सफा पानी, पौष्टिक खानेकुराको अभावमा धेरै रोग लाग्ने गरेको पाइन्छ । त्यसकारण बालबालिकाको शारीरिक, सामाजिक र बौद्धिक विकासका लागि सरसफाइको अत्ति आवश्यकता छ ।

बाल सरोकारमा उल्लेख भएअनुसार सन् १९९० को दशकमा नेपालको चर्को बाल मृत्युदरमध्ये जीवित अवस्थामा जन्मिएका शिशु मध्ये प्रतिहजार १०७ बाट घटाई ५० मा पुऱ्याउने, बालकहरूको हकमा पोषणको ५०% मात्र पोषणयुक्त जन्मन्छन् । सन् २०००सम्म कुपोषणलाई २५%मा झार्ने, शिक्षाको स्थितिका हाल स्कुल जाने २७%लाई बढाई ८०% पुऱ्याउने लक्ष्य रहेको छ (बाल सरोकार २०४: ३) ।

जब बालबालिकाहरू अनाथ हुन्छन् वा परिवारबाट बिछोडिन्छन् तिनीहरूको बास र गासको ठेगान हुँदैन, त्यसपछि बालक सडकमा आउन वाध्य हुन्छन्, त्यसपछि भोकले गर्दा सडकमा गाउन, माग्न, विभिन्न कारखानामा काम गर्न जुत्ता पालिस गर्ने आदि कार्यहरू गर्न थाल्दछन् । कोही-कोही त चोरी गर्ने र पाकेट मार्ने जस्ता अपराधिक कार्यमा संलग्न हुनुका साथै बालबालिका वेश्यावृत्तिमा समेत संलग्न भएको पाइन्छ ।

नेपालको कुल जनसंख्याको आधा भाग बालबालिकाले ओगटेको र यिनले विभिन्न परिस्थिति गुजार्नु परेको चर्चा गर्दै बाल यौन शोषणका समस्या दिनप्रतिदिन बढ्दै गैरहेको कुरा औँल्याउँदै बाल वेश्यावृत्तिका कारण, गरिबी, अशिक्षा, बेरोजगारी साथी संगत आदिबाट हुन्छन् । त्यसकारण सचेतना, औद्योगिक विकासको सन्तुलित विवरण हुन सकेको खण्डमा आर्थिक रूपमा निर्भर हुनसकेको स्थितिमा बेश्यावृत्ति र्निमूल हुन सक्छ ।

त्यस्तै गरेर बाल मजदूरीको समस्यालाई औँल्याउँदा, 'अनाथ, अबोध बेसहारा, बालबालिकाको निम्ति नेपाल सरकार र स्थानीय संघ-संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले उनीहरूका निम्ति पालनपोषण, शिक्षा, स्वास्थ्य उपचार, मानवअधिकार आदि र सिपमूलक काम, कला सिकाइ क्षमता हेरी समुचित आवश्यक संरक्षण व्यवस्थाको लागि ठोस कदम चाल्नुपर्छ' ।

एकातर्फ बालअधिकारको नारा छ भने अर्कोतर्फ बालबालिकाका निम्ति विभिन्न कुराले शोषित छन् । नेपालको विभिन्न क्षेत्रमा धेरै बाल मजदूर कार्यरत छन् । बाल मजदूरमा गलैँचा बाल मजदूर, घरेलु कामदार, होटेल बाल मजदूर, इटा भट्टामा काम गर्ने आदि बालबालिका छन् । बाल गलैँचा मजदूरमा ८ वर्षदेखि केटाकेटीले दिनमा १२ घण्टा काम गर्नुपर्ने र ४०% यौन दुर्व्यवहारबाट पीडित छन् । होटेलमा काम गर्ने बाल मजदूरले गाली खानुपर्ने, बासी उब्रेको खाना खान पाउने, बिहान ४ बजेदेखि आधा रातसम्म काम गर्ने गरेका छन् भने चिया बगानमा काम गर्ने बाल मजदूरले पनि प्रशस्त खटेर काम गर्नुपर्ने पाइयो । बँधुवा मजदूरमा करीब ४०,००० बालबालिका रहेका छन् । CWINको एक अध्ययनअनुसार काठमाण्डौँमा करिब ३४० वटा ईट्टा भट्टामा साधारणतया १५०-२०० व्यक्ति काम गर्ने र १३ देखिका २५% बाल मजदूर रहेका छन् । अन्य विकल्पको आधारमा बाँच्नको लागि संघर्षरत सडक बालबालिका काठमाण्डौँमा मात्र लगभग १५०० जना छन् ।

यसरी बालबालिकाका विभिन्न समस्यामाथि चर्चा गरेको पाइन्छ । युनिसेफको एक अध्ययनअनुसार बालबालिकालाई परिवारका अन्य सदस्यहरूले गाली गर्ने, पिट्ने, वास्ता नगर्ने र एकछाक पेटभरी खान समेत नपाउने र सडकमा माग्ने गरेको पाइन्छ (चाइल्ड नेटवर्क १९९६: २) ।

हाम्रो देशमा धेरै संख्यामा बालबालिका कठिन परिस्थितिमा छन् । अति नै कठिन अवस्थाका बालबालिकाहरूको संख्या दिनपर दिन बढ्दै गैरहेको छ । सडक बालक, मगन्ते बाल, अपांग बालक, बँधुवा बालक र टुहुरा-टुहुरीहरूले आफ्नो

जीवन अन्य बालबालिकाहरूको जीवनभन्दा बेग्लै र बोझको रूपमा मान्ने गरेका छन् । यी विभिन्न परिस्थितिको सामना गरिरहेका बालबालिकालाई पुर्नस्थापनामा निरन्तर अगाडि बढ्ने र तिनका प्राकृतिक अधिकारको सुरक्षा गर्नुपनि त्यत्तिकै आवश्यक छ । संसारमा लाखौँ बालबालिका यौन शिकार भइरहेका छन् । बच्चाहरू यसप्रकार दिनप्रतिदिन पीडित भै विश्वब्यापी रूपमा देखा परेका छन् (प्रधान २०४८: ४-२४) ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३. अध्ययन विधिहरू

## ३.१ सामान्य परिचय

हरेक अनुसन्धान कार्यमा अनुसन्धान पद्धतिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानका लागि उपयुक्त विधि अपनाई आफ्नो उद्देश्यतर्फ उन्मुख हुनु अति आवश्यक हुन्छ । शोधको समस्यालाई व्यवस्थित रूपले समाधान गर्न त्यसको विधिमा निर्भर गर्दछ । शोधको विश्वसनीयता र प्रभावकारिता के-कति छ भन्ने थाहा पाउन त्यसको विधिमा नै भर पर्दछ । सबै प्रकारको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइँदैन । घटनाको प्रकृति हेरेर विधिको छनौट गरिन्छ । त्यही विधि अवलम्बन गरी घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्यतथ्य पत्ता लगाउन सकिन्छ ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान कार्य सम्पन्न गर्दा जुन पूर्व योजना तयार गरिन्छ, त्यसैलाई अनुसन्धान परिकल्पना वा रचना भनिन्छ । यस अनुसन्धानमा वर्णात्मक, अन्वेषणात्मक तरिकाद्वारा सत्यता तथा विश्वसनीयतामाथि बल दिइ सही एवं पूर्ण सूचना प्राप्तिको बारेमा प्रयत्न गरिएको छ । यस अध्ययनलाई वर्णात्मक तथा विश्लेषणात्मक तरिकाबाट प्रस्तुत गरिएको छ । जसबाट पक्षपातरहित विश्वसनीय तथ्य सङ्कलन गरिएको छ र मिथ्या झुकाव (Bias)लाई नियन्त्रित गर्ने प्रयास गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनको उद्देश्य अनुसार आवश्यक तथ्याङ्कहरू प्राथमिक र द्वितीय दुवै स्रोतबाट लिइनेछ ।

अध्ययनको आवश्यकताअनुसार संख्यात्मक र गुणात्मक दुवै पक्षलाई प्राथमिकता दिइएको छ। संख्यात्मक पक्षमा बालबालिकाको संख्या लिङ्गको आधारमा वर्गीकरण, उमेरको आधारमा वर्गीकरण, शैक्षिक अवस्था आदि पक्षलाई समावेश गरिनेछ भने गुणात्मक पक्षमा बालबालिकाको जनजीवन, खानपिन, रहनसहन आदि पक्षलाई समावेश गरिनेछ ।

## ३.४ जनसंख्या र जनगणना विधि

अध्ययन क्षेत्रमा नमस्ते बालगृहमा अनाथको रूपमा बसोबास गर्दै आइरहेका ७५ जना बालबालिकालाई समग्र मानिनेछ। तिनीहरूको मात्र अध्ययन गरिनेछ र समग्रमा ७५ जना मात्र भएकोले जनगणना विधि अवलम्बन गरिनेछ ।

## ३.५ प्राथमिक तथ्याङ्कसङ्कलनका विधिहरू

कुनै पनि विषयको अनुसन्धानमातथ्याङ्कसङ्कलन विधिको ठूलो भूमिका रहेको हुन्छ। अध्ययन अनुसन्धानको सही सफलताको लागि उचित तथ्याङ्कसङ्कलन प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ। अध्ययनको विषयवस्तु अनुकूलको विधि प्रयोग भएन भने सत्य, तथ्य सूचनाहरू प्राप्त हुन सक्दैनन्। प्रस्तुत अध्ययनका क्रममा समय-समयमा गई उनीहरूको वस्तुस्थितिको बारेमा जानकारी लिइएको हुनाले ती बालगृहमा बसोबास गर्ने ७५ जना बालबालिकालाई जनगणना विधि अपनाई तथ्याङ्कसङ्कलन गरिएको छ। यस अध्ययनका क्रममा निम्नलिखित विधिहरू अपनाई तथ्याङ्कसङ्कलन गर्ने कार्य भएको छ ।

### क) अवलोकन

यस अध्ययनको क्षेत्र मुख्यः गरी नमस्ते बालगृह भएकाले अध्ययनको निम्ति आवश्यक सूचनाहरूको सङ्कलनका लागि अवलोकनलाई मुख्यः माध्यम बनाइएको छ। तसर्थ यसमा बालबालिकाको वास्तविक वस्तुस्थिति बुझ्नको लागि कास्की पोखरा स्थित नमस्ते बालगृहमा सम्पर्क राखी आवश्यक अवलोकन गरिएको थियो। बालबालिकाहरूको रहनसहन, खानपिन, खेलकूदका सामग्री, सुग्घर र सफाइ आदिको अवलोकन गरियो। विश्लेषणको क्रममा अवलोकनबाट प्राप्त सूचनालाई पनि आधार बनाई विश्लेषण गरिएको,साथै अवलोकनको क्रममा कार्यालयका रेकर्डहरू पनि अवलोकन गरिएको थियो। यस विधिद्वारा सङ्कलन गरिएका तथ्याङ्कहरूबाट प्राप्त परिणाम बढी विश्वसनीय हुनसक्ने ठानिएको छ। किनभने अनुसन्धानकर्ता स्वयम्ले देखेका र अनुभव गरेका प्रमाणिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ।

### ख) प्रश्नावली अनुसूची

अवलोकनबाट प्राप्त हुन नसकेका तथ्याङ्कहरूलाई प्रश्नावली अनुसूचीका माध्यमबाट सङ्कलन गरिएको छ। यो विधि उत्तरदाताहरूको जात, उमेर, लिङ्ग आदिको अवस्था पत्ता लगाउने, कारणहरू खोज्ने, उनीहरूको चाहना पत्ता लगाउने आदि पक्षका तथ्याङ्कहरू प्राप्त गर्नका लागि प्रयोग गरिएको छ। यसका लागि विभिन्न उत्तरहरूको आशा राखी उत्तरदाताहरूको (बालबालिका) विवरण प्राप्त हुने किसिमका खुला र बन्द दुवै प्रकृतिका प्रश्नहरू समावेश गरी प्रश्नावली अनुसूची निर्माण गरेर अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई प्रत्यक्ष अन्तरवार्ताद्वारा प्रश्नावली भर्ने काम गरिएको छ।

### ग)  मुख्यः सूचनादाता

बालगृहमा अध्यापन गराइरहेका शिक्षकहरू, उनीहरूले अध्ययन गर्ने स्कूलका शिक्षकशिक्षिकाहरू, बालगृहका कर्मचारीहरू साथै समुदायका सम्बन्धित जानिफकारहरू यस बालगृहको अध्ययनमा मुख्यः सूचनादाता हुनेछन् ।

## ३.६  तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

मूलतः उपरोक्त प्रश्नावली तथा अन्तरवार्ताको माध्यमबाट प्राप्त सूचना तथा जानकारीको आधारमा नै तथ्याङ्क विश्लेषण गरिएको छ । यो शोध पत्र तयार पार्ने क्रममा अध्ययनसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरूलाई आवश्यकताअनुसार संख्यात्मक तथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ। संख्यात्मक रूपमा प्रस्तुत गरिने तथ्याङ्कहरूलाई साधारण तालिकामा संख्या र प्रतिशतको रूपमा प्रस्तुत गरिएको छ भने अन्य तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# अध्याय-चार

## ४. अध्ययन क्षेत्र

### ४.१ अध्ययन क्षेत्रको छनौट

नेपालका विभिन्न ठाउँमा छरिएर रहेका सम्पूर्ण बालगृहको विवरण नभई यो शोधपत्र गण्डकी अञ्चल कास्की जिल्ला जरेबर लेकसाइडमा अवस्थित नमस्ते गृहमा आश्रित बालबालिकाको अध्ययन भएको छैन । यसैले नमस्ते बालगृहलाई अध्ययन क्षेत्रको रूपमा छनौट गर्नका कारणहरू निम्न छन् ।

क) यस बालगृहमा बसोबास गर्ने बालबालिकाहरूको अवस्थिति बुझ्न ।

ख) यहाँका बालबालिकाहरूको उमेर, लिङ्ग, जात/जातीयता तथा उनीहरूका चाहनाजस्ता कुराहरूका बारेमा समाजशास्त्रीय अध्ययन हालसम्म नभएकाले ।

यस प्रकार एउटा निश्चित बालगृहलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

### ४.२ अध्ययन क्षेत्रको ऐतिहासिक पृष्ठभूमि

नमस्ते बालगृह कास्की पोखराको जरेवरमा २००३ मा स्थापना भएको हो । यस बालगृह नाफा मूलक नभई सेवामूलक उद्देश्ले स्थापना भएको छ । खास गरेर भन्ने हो भने नेपालको ४२% जनसंख्या गरीबिको रेखामुनि रहेको र उमेर नपुगेका तीन लाख बालबच्चाहरू कडा मेहनत गरी आफ्नो जीविकोपार्जन गर्न बाध्य हुन

जान्छन् फलस्वरूप यस नमस्ते बालगृहले सडक बालबालिकाको पुर्नस्थापनाका लागि धेरै ठूलो कार्य गरेको छ ।

नमस्ते बालगृहको संस्थापक श्री भीष्मराज पौडेलले जुन २००३ मा गरीब, अपाङ्ग तथा सडक बालबालिकाको लागि यस बालगृह स्थापना गर्नुभयो जसले यस बालगृहमा यस्ता किसिमका बालबालिकाहरू आउने गर्दा यी बालबच्चाहरूमा आफू सुरक्षित गरेको अनुभव गर्न थाले । उहाँको उद्देश्य थियो कि यस बालगृहले जीवन भरी माया प्रदान गरी उनीहरूको सुनौलो भविष्य बनाइदिने । उनीहरूलाई एक्लो हुनबाट वञ्चित गर्ने, सीपहरू प्रदान गरी आत्म विकास बढाउने ।

नमस्ते बालगृहले अनाथ, सहाराविहीन पछाडि परेका बालबालिकाहरूको लागि शिक्षा, सीप संरक्षण जस्ता कार्यहरू गरी उनीहरूको भविष्य सुन्दर वनाई एउटा सुयोग्य नागरिक बनाउने उद्देश्य राखेको पाइन्छ। जसका लागि बालबालिहरूलाई शिक्षा, स्वास्थ्य, सुरक्षा सामाजिक कार्यमा समेत सहभागी गराउने गरेको छ । बालबालिकाको संस्थाले बालबालिकामा अभिभावकहरू, समाजमा पछि परेका समूहमा महिलाहरूका लागि समेत सीप विकास, आय आर्जन कार्यक्रमको समेत थालनी गरिसकेको छ। सो कार्यका लागि विभिन्न परियोजनाहरू संचालित छन् । जसको विकास निम्न बमोजिम रहेको छ ।

## ४.३ नेपालको भौगोलिक अवस्था

नेपालको भौगोलिक विभाजन अनुसार गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उपमहानगरपालिका नेपालको मध्य भागमा अवस्थित पश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछ । प्राकृतिक दृष्टिले अत्यन्त रमणीय हुनुका साथै प्रसिद्ध फेवाताल पनि यहि कास्की जिल्लामा नै अवस्थित छ । यस बाहेक बेगनास तालसहित अन्य तालहरू पनि कास्की जिल्लामा नै छन् । त्यति मात्र नभएर माछापुच्छ्रे, धौलागिरि, अन्नपूर्ण हिमालबाट सुशोभित छन् ।

पूर्वमा लमजुङ र तनहूँ, पश्चिममा स्याङ्जा र पर्वत, उत्तरमा मनाङ र म्याग्दी तथा दक्षिणमा स्याङजा र तनहूँ जिल्लाले घेरिएको छ । काठमाण्डौबाट २०० कि.मी. टाढा पोखरा मनोरम पर्यटकीय स्थल हो । त्यस्तै पोखराबाट भारतको सिमाना ७८ कि.मि. र तिब्बती सीमाना ७५ कि.मि. मात्र टाढा रहेका छन् । पोखरा उप-महानगरपालिका २८°१०’ देखि २८° १६’ उत्तरी अक्षांश र ८३° ५३’३” देखि ८४° २’३०’ पूर्वि देशान्तर बीचमा रहेको छ । पोखराको क्षेत्रफल ५४.४८ वर्ग किलोमिटर रहेको छ र समुद्र सतहबाट करिब ७५० मिटरको उचाइमा रहेको छ ।

## ४.४ हावापानी

कास्कीको सदरमुकामको रूपमा रहेको पोखराको हावापानी समशीतोष्ण किसिमको छ । सम्म र मिलेका यहाँका ठूलाठूला बारीहरूमा उब्जनी पनि उत्तिकै राम्रा हुन्छन् । यहाँ न धेरै गर्मी र न धेरै जाडो हुन्छ । पोखरा नेपालको सबैभन्दा बढी वर्षा हुने ठाउँ हो । त्यसैले यहाँको हावापानी मानव जीवनका लागि अनुकूल छ । वार्षिक वर्षा सरदर औसत ३०० से.मी. देखि ४५० से.मी. सम्म हुने गर्छ भने वार्षिक तापक्रम ५° देखि ३६° सम्म पुग्ने गर्छ ।

## ४.५ जनसंख्या

पोखरा उपत्यका भएकोले पनि वरिपरिका जिल्लाहरूबाट मानिसहरू आउने क्रम बढ्दो छ । पोखरा पश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र भएकोले यहाँ रोजगारीको सम्भावनाले गर्दा तथा मनोरम स्थल तथा पर्यटकीय स्थल भएका कारणले गर्दा पनि मानिसहरूको बसोबास बढ्दै गएको पाइन्छ । त्यतिमात्र नभएर भारतीय कामदारहरू, व्यापारीहरू पनि पोखरामा प्रशस्तै रहेका छन् । पोखराको जनसंख्या करिब ७६७९५ रहेको पाइन्छ । २०५८ सालको जनगणना अनुसार ५९.१०४ मानिसहरू शहरी क्षेत्रमा बसोबास गर्दछन् । पोखराको औसत वृद्धिदर ७.४१ प्रतिशत छ ।

## ४.६ बालगृहका उद्देश्यहरू

हाल ७५ जना बालबालिकालाई पारिवारिक वातावरणमा लालन-पालन, शिक्षा-दिक्षा, औषद्योपचार, व्यवसायिक शिक्षा आदि प्रदान गरी शारीरिक, बौद्धिक, मानसिक, आध्यात्मिक विकास गराई सक्षम, स्वावलम्वन, उद्यमी, देशभक्त, समाजसेवी नागरिक तयार गर्ने रहेको छ ।

### ४.६.१खानाको व्यवस्था

यस बालगृहमा केटाकेटीलाई समय अनुरूपको व्यवस्था छ। आश्रित बालबालिकाहरूलाई बिहान ६:०० बजे चिया नास्ता दिइन्छ। विद्यालय पढ्न जानेलाई ८:३० बजे दाल, भात, मौसम अनुसारको तरकारी, हप्ताको एकपटक मासु, मसरुम, गेडागुडी दिने व्यवस्था छ भने खाजामा दिउँसो डुनट, पाउरोटी जाम, चिउरा तरकारी, दालमोठ, चिउरा र फलफूल दिइने व्यवस्था छ ।

### ४.६.२ शिक्षाको व्यवस्था

यस बालगृहमा केटाकेटीलाई बाहिरका केटाकेटी सरह विद्यालय पठाइन्छ। बिहान बेलुका पढाइका लागि सहयोग गर्नका लागि बालगृहमा कार्यरत कर्मचारीले नै गर्ने व्यवस्था छ ।

### ४.६.३ लत्ताकपडाको व्यवस्था

यस बालगृहमा आश्रित बालबालिकाहरूलाई ड्रेस, लत्ताकपडाका सबै संस्थाले नै व्यहोर्ने व्यवस्था छ। यसको साथ-साथै उपहारस्वरूप आउने पनि गर्दछ। जस्तैः उपहारस्वरूप संस्थाले चाडवाडमा लगाउने कपडा, घर बस्दा लगाउने कपडाहरू आउने गर्दछ ।

### ४.६.४ औषधी उपचारको व्यवस्था

बालबालिकाको स्वास्थ्य स्थितिलाई ध्यानमा राखेर पोखरा स्थित मणिपाल हस्पिटलमा निःशुल्क स्वास्थ्य जाँच हुने गर्दछ। साथै यस बालगृहको

बालबालिकाहरू बिरामी परेमा मणिपाल हस्पिटलले नै स्वास्थ्य सहयोग गर्ने व्यवस्था छ ।

४.६.५ सांस्कृतिक व्यवस्था

समाजमा प्रचलित हिन्दू धर्मका चाडपर्व रमाइलो गरी मनाउने व्यवस्था छ । त्यस्तै गरेर अन्य उत्सवहरूमा नयाँ वर्ष, भाद्र २८ गते आदि मनाउने गरेको छ । प्रचलित चाडपर्वहरू जस्तैः दशैं, तिहार, जनैपूर्णिमा, माघे संक्रान्ति, तीज, श्रीपञ्चमी आदि चाडपर्व मनाउँदै आएको छ । दशैंको जमरा राख्ने, फूलपातीको दिनदेखि मन्दिर जाने टीकाको दिनमा नयाँ कपडा लगाउने गरिन्छ । नातेदार हुनेहरू वर्षको एकपटक लिन यसै दशैंमा आउँछन् भने अन्यले यही बालगृहमा नै दशैं मनाउँछन् तिहारमा भैलो खेली रमाइलो गरी भाइटीकाको दिनमा बालगृहका केटाकेटीहरूबाट नै टीका लगाई रमाइलो गरी मनाउँछन् ।

४.६.६ मनोरञ्जनको व्यवस्था

मनोरञ्जनको क्षेत्रमा पनि यहाँ विभिन्न व्यवस्था भएको पाइन्छ । बालगृहमा बेलाबेलामा नाचगान कार्यक्रम, टि.भी.बाट प्रसारण हुने राम्रो कार्यक्रमहरू, बेलावखतमा डेकद्वारा सिनेमा हेर्ने गरेका छन् भने घुम्नका लागि बिदाको दिनमा पठाउने व्यवस्था छ । पिकनिकको पनिवर्षमा एकपटक लैजाने गरेको पाइन्छ ।

४.६.७ खेलकुदको व्यवस्था

बालगृहमा विभिन्न खेलकुदको राम्रो व्यवस्था छ । खेलकुदका सामग्रीमा फुटबल, टेबलटेनिस, डोरी, रिङ्ग, क्यारमबोर्ड, चेस र लुडो आदि सामग्रीहरू छन् ।

४.६.८ भौतिक सुविधा

यस बालगृहमा दैनिक आवश्यक पर्ने सुविधाका सामानहरू जस्तै फोन १ , टेलिभिजन १, डेग १ थान, रेडियो ८ थान, कम्प्यूटर ६ थान छन् ।

**क) दैनिक आवश्यक सामाग्री**

यस बालगृहमा दैनिक आवश्यक पर्ने सबै खाद्य सामग्रीहरू चामल र अन्य खाद्य सामग्री सेतु साहु (विजुक्छे) कहाँबाट खरिद गरिन्छ भने ग्याँस भण्डारी साहुबाट खरिद गर्ने गरिन्छ ।

**ख) कर्मचारीको व्यवस्था**

बालगृह अन्तर्गत विभिन्न १७ जना कार्यरत छन् । जसमा कोही २४ सै घण्टा कार्य गर्ने कर्मचारी छन् । जो बालगृहमानै बसोबास गर्ने गर्छन् भने कुनै कर्मचारी बिहान १० देखि ५ बजेसम्म कार्यालय समयमा आउने कर्मचारी छन् ।

**ग) अनाथ बालबालिकाको भर्ना व्यवस्था**

भर्नाको सम्वन्धमा प्रश्न गरिदा भर्ना हुनको लागि गाँउ वा नगर प्रहरी, स्थानीय गाँउ विकास समिति, जिल्ला प्रशासन कार्यालयको सिफारिश, क्लब, लावारिस फेला परेका बालबालिकाका बावुआमाको मृत्यु दर्ताको आधारमा गहन अध्ययन गरी भर्ना गर्ने व्यवस्था छ। यस्ता किसिमको बालबालिका जुनसुकै जिल्ला र अञ्चलका भएपनि भर्ना लिने व्यवस्था छ ।

**घ) बालबालिकाहरूको बिदाइ**

गृहमा भर्ना गरे जस्तै बिदा पनि एउटा प्रकृया पूरा गर्नु पर्दछ। यस गृहमा उमेरको हदवन्दी तोकिएको छैन । एउटा कुनै सीप सिकेर तालिम प्राप्त पछि बिदाइ गरिन्छ। यसै तालिम तथा रोजगारीको शीलसिलामा विदेशमा समेत र अन्य तालिमका लागि देशको विभिन्न ठाँउमा पठाउने व्यवस्था गरेको छ। खास गरेर एस.एल.सी पास र जागिर वा तालिम प्राप्त पछि वा तालिममा लागेपछि बिदाइ गर्ने गरिन्छ ।

४.६.९ अन्य व्यवस्था

यस बालगृहमा बालबालिकाहरूलाई नाता कुटुम्वसँग भेटघाट गर्न दिने व्यवस्था गरिएको छ ।

# अध्याय-पा“च

## जनसाङ्ख्यिक र सामाजिक विशेषता एवं भविष्यप्रतिको चाहना

कुनै पनि अनुसन्धानतथ्याङ्कमा आधारित हुन्छ । तथ्याङ्कहरूसङ्कलन गरी सकेपछि तिनीहरूलाई व्यवस्थित रूपमा वर्गीकरण गरी विश्लेषण गर्नु यसको मुख्यः उद्देश्य हो । त्यसैले यस अनुसन्धानका क्रममा सङ्कलन गरेर ल्याइएका तथ्य एवं तथ्याङ्कहरूलाई निम्न अनुसार व्याख्या विश्लेषण गरिएको छ ।

### ५.१ उत्तरदाताको उमेरको विवरण

जनसंख्याको एक महत्वपूर्ण विशेषता भनेकै उमेर हो । उमेरकै आधारमा सामाजिक हैसियत निर्धारण हुने गर्दछ । उमेर जैविकीय आधारमा निर्धारण हुने हुँदा यो निश्चित प्रकारको हुन्छ । उमेर अनुसार नै पेशा, सामाजिक, सम्बन्ध, हैसियत र भूमिका निर्धारण भएको हुन्छ । यस अध्ययन क्षेत्रमा विभिन्न उमेरका बालबालिकाहरू संलग्न रहेको पाइन्छ । तलका तालिकामा उत्तरदाताको उमेरको विविधतालाई प्रस्तुत गरिएको छ ।


यस बालगृहमा आश्रित भएका बालबालिकाहरूलाई हेर्दा उनीहरू विभिन्न जातजातिका भएको बुझिन्छ। तर उनीहरू एक आपसमा मिलेर बसेको पाइयो भने बालगृहको बालबालिकाप्रतिको समान अधिकार छ। जात अनुरूप नभई समान व्यवहार गरेको पाइयो। यहाँ कुनै जात ठूलो वा सानो छैनन् सबै समान छन्। यहाँ धेरै जसो जातजाति मिश्रित छन्।

तालिका ५.१

बालगृहमा आश्रित उत्तरदाताहरूको उमेर विवरण

| उमेर समूह | बालक संख्या | बालिका संख्या | जम्मा बालबालिका | जम्मा % |
|---|---|---|---|---|
| ८-१० | १७ | ७ | २४ | ३२.०० |
| ११-१३ | ९ | १२ | २१ | २८.०० |
| १४-१६ | ८ | ६ | १४ | १८.६७ |
| १७-१८ | ११ | ५ | १६ | २१.३३ |
| **जम्मा** | ४५ | ३० | ७५ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*



यस तालिकामा सबैभन्दा बढी ८ देखि १० वर्ष उमेरका ३२ प्रतिशत, त्यसपछि ११ देखि १३ वर्षका २८ प्रतिशत, १४ देखि १६ वर्ष उमेरका १८.६७ प्रतिशत, १७ देखि १८ वर्ष उमेरका २१.३३ प्रतिशत रहेका छन् । त्यस्तै सबैभन्दा बढी ८ देखि १० वर्ष उमेर समूह ३२ प्रतिशत रहेका छन् भने सबैभन्दा कम १४ देखि १६ वर्ष उमेर समूहका १८.६७ प्रतिशत भएको पाइयो ।

## ५.२ लिङ्गको आधारमा उत्तरदाता


लिङ्ग महिला र पुरुषलाई दिएको सामाजिक परिभाषा हो । प्रकृतिले हामीलाई जैविकीय रूपमा महिला वा पुरुषको रूप दिन्छ । प्राकृतिक लिङ्ग अथवा जैविकीय परिभाषा कहिले पनि परिवर्तन हुँदैन । लैंगिक भूमिकाहरू समाजमा सिकिएका व्यवहार हुन् । जसले ती क्रियाकलाप, काम र जिम्मेवारीहरूलाई सहित अवस्थामा ल्याउँछ । लिङ्ग एक जैविकीय परिभाषिक शब्द हो ।

तालिका नं. ५.२

लिङ्गको आधारमा उत्तरदाता

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| बालक | ४७ | ६२.६७ |
| बालिका | २८ | ३७.३३ |
| **जम्मा** | **७५** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*




लिङ्गको आधारमा अवलोकन गर्दा बालकको संख्या ४७ (६२.६७ प्रतिशत) रहेको छ भने बालिकाको संख्या २८ (३७.३३ प्रतिशत) रहेको छ । यो अवलोकनबाट बालकको संख्या बढी रहेको पाइयो ।

## ५.३ भाषाका आधारमा उत्तरदाता


भाषा एक अर्काप्रति अन्तरक्रिया गर्ने माध्यम हो । भाषाका माध्यमबाट नै व्यक्तिले आफ्नो कार्यहरू गर्न सफल हुन्छ । सबैको आ-आफ्नो भाषा हुन्छ ता पनि नेपाली भाषा नै राष्ट्रिय भाषा भएकोले सबै प्रशासनिक क्षेत्र लगायतमा यही नै प्रयोग भएको छ । यस अध्ययन क्षेत्रमा पनि विभिन्न भाषी उत्तरदाताहरू रहेको पाइयो । तलको तालिकामा उत्तरदाताको भाषिक विविधता प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.३

भाषाका आधारमा उत्तरदाता

| **भाषिक विवरण** | **बालक संख्या** | **बालिका संख्या** | **जम्मा संख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| नेपाली | १९ | १६ | ३५ | ४६.६७ |
| नेवारी | ० | ६ | ६ | ८.०० |
| गुरुङ | ५ | ० | ५ | ६.६७ |
| शेर्पा | १ | ३ | ४ | ५.३३ |
| अन्य | १८ | ७ | २५ | ३३.३३ |
| **जम्मा** | ४३ | ३२ | ७५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*



माथिको तालिकाअनुसार उत्तरदाताको भाषिक विवरणको बारेमा माथिको तालिकाले स्पष्ट पारिरहेको छ । यहाँ बहुसंख्यक बालबालिकाहरू नेपाली मातृभाषा बोल्ने पाइन्छन् । नेपाली मातृभाषा बोल्ने ४६.६७ प्रतिशत, जुन सबैभन्दा बढी रहेको देखिन्छ भने अन्य भाषा बोल्ने ३३.३३ प्रतिशत, नेवारी ८.८ प्रतिशत, गुरुङ भाषा बोल्ने ६.६७ प्रतिशत, शेर्पा ५.३३ प्रतिशत रहेका छन् । यसको कारण बालगृह चलनचल्तीको भाषा नेपाली भाषा भएकोले यसरी हुन गएको हुन सक्छ । अतः यस अध्ययनको आधारमा सबैभन्दा बढी नेपाली भाषा बोल्ने ४६.६७ प्रतिशत र सबैभन्दा कम शेर्पा भाषा बोल्ने ५.३३ प्रतिशत उत्तरदाता रहेको पाइयो ।

## ५.४ जातजातिका आधारमा उत्तरदाता


यस अध्ययन क्षेत्रमा आश्रित भएका बालबालिकाहरूलाई हेर्दा उनीहरू विभिन्न जातजातिका भएको बुझिन्छ । तर उनीहरू एक आपसमा मिलेर बसेको पाइयो । त्यस्तै गरी उनीहरू प्रति समान अधिकार छ । जात अनुरूप नभई समान व्यवहार गरेको पाइयो । यहाँ कुनै ठूलो जात वा सानो जात छैनन् । सबै समान छन् । यहाँ धेरै जसो जातजाति मिश्रित छन् । तलको तालिकामा उत्तरदाताको जात/जातीयताको विविधतालाई प्रस्तुत् गरिएको छ ।

तालिका नं. ५.४

जातजातिका आधारमा उत्तरदाता

| जात | बालक संख्या | बालिका संख्या | जम्मा बालबालिका | जम्मा % |
|---|---|---|---|---|
| नेवार | | ७ | ७ | ९.३३ |
| बाहुन | ६ | ९ | १५ | २०.०० |
| क्षेत्री | १० | १४ | २४ | ३२.०० |
| दमाइ | ११ | ४ | १५ | २०.०० |
| कामी | ५ | ४ | ९ | १२.०० |
| गुरुङ | २ | | २ | २.६७ |
| शेर्पा | १ | | १ | १.३३ |
| माझी | १ | | १ | १.३३ |
| सुनुवार | १ | | १ | १.३३ |
| **जम्मा** | | | **७५** | १००.०० |

*स्रोत : बालबालिकाको रेकर्ड फाइल, २०६७*




माथिको तालिकामा उल्लेख गरेअनुसार विभिन्न जातजातिका बालबालिकाहरू आश्रित रहेको स्पष्ट हुन्छ जसमा बालिकाभन्दा बालकको संख्या बढी रहेको पाइयो । सबैभन्दा बढी क्षेत्री जातिका बालबालिका २४ जना (३२%), त्यसपछि क्रमशः दमाई जातिका बालबालिका १५ जना (२०%), ब्राह्मण जातिका बालबालिका १५ जना (२०%), कामी जातिका बालबालिका ९ जना (१२%), नेवार जातिका बालबालिका ७ जना (९.३३%), गुरुङ जातिको बालबालिका २ जना (२.६७%), त्यस्तै शेर्पा जातिको, माझी जातिको, सुनुवार जातिको १.३३% आश्रित भएको पाइयो । यसको मुख्यः कारण गरीब बालबालिकाको कदर नगरिनु, सौतेनी आमा र बाबुको कारण घर छोड्न बाध्य, अधिक बालश्रम भएको पाइयो ।

माथिको तालिकाअनुसार सबभन्दा बढी संख्या क्षेत्री जातका देखिए भने सबभन्दा कममा शेर्पा, माझी, सुनुवार जातका देखिए ।

## ५.५ धर्म


यस बालगृहमा आश्रित बालबालिकाहरूलाई धर्मको बारेमा प्रश्न गरिदा संसारमा जन्म लिएका मानवहरू सबैको एक न एक धर्म रहेको हुन्छ । यो मानव समाजको एक सामाजिक संस्था हो । विभिन्न उद्देश्य राखेर कार्य गरेको हुन्छ तर कहिले काहीं उद्देश्य परिपूर्ति हुन नसकेपछि मानवभन्दा माथि उच्च अथवा अदृश्य शक्तिको उपासना गर्दछ । धर्मले मानवको विश्वास एवं कार्य दुवैलाई निर्धारण गरेको हुन्छ । समाजका सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनीतिक जीवनलाई धर्मले प्रभाव पार्दछ । उनीहरू जुनसुकै धर्मका भएता पनि आफूलाई "हिन्दू धर्म" भन्ने गरेको पाइयो किनभने नेपाल एउटा हिन्दू अधिराज्य हो जसले गर्दा अनाथ आश्रम, बृद्धाश्रम आदि हिन्दू धर्म नै प्रचलनमा बढी मात्रामा पाइन्छ । जसले गर्दा सबैमा एकताको भावना अझै बलियो भएको पाइन्छ । सबैले हिन्दू भन्नुको पछाडि के कारण छ भनेर विचार गर्ने हो भने कतिपयलाई आफ्नो धर्मको बारेमा थाहा नै छैन । बालगृहमा सबैले जे धर्म मान्यो आफ्नो त्यही धर्म हो भन्ने भावना पाइन्छ । त्यहींबाट पनि स्पष्ट रूपमा कसै-कसैलाई मात्र थाहा भएको पाइन्छ । तीनको धार्मिक विवरण निम्न तालिकाबाट प्रष्ट पार्दछ ।

तालिका नं. ५.५

धर्मका आधारमा उत्तरदाता

| **धार्मिक विवरण** | **जम्मा बालबालिका संख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|
| हिन्दू | ४४ | ५८.६७ |
| बौद्ध धर्म | ६ | ८.०० |
| धर्म थाहा नभएको | २५ | ३३.३३ |
| **जम्मा** | **७५** | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*




माथिको तालिका अनुसार हिन्दू धर्म मान्नेको संख्या ५८.६७ प्रतिशत सबैभन्दा धेरै रहेको पाइयो भने त्यसपछि धर्म थाहा नभएको बालबालिकाको संख्या ३३.३३ प्रतिशत दोस्रो श्रेणीमा रहेको पाइयो । बौद्ध धर्मका बालबालिकाको संख्या जम्मा ८ प्रतिशत रहेको छ ।

शिक्षा भनेको मानिसको ज्ञान आर्जन गर्ने महत्वपूर्ण पक्ष हो र यसले व्यक्तित्व विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । साथै राष्ट्रको विकासमा पनि शिक्षाले नै प्रभाव पार्दछ । त्यसैले शिक्षा भनेको मानवीय जीवनको महत्वपूर्ण पक्ष हो । शिक्षाले नै मानवको सामाजिक, आर्थिक बौद्धिक एवं नैतिक पक्षलाई बलियो बनाउन सहयोग गर्दछ । बालबालिकाको शिक्षाले नै राष्ट्रको विकासलाई संकेत गर्दछ ।

यस बालगृहमा आश्रित बालबालिकाहरू कोही पनि शैक्षिक अवसरवाट वञ्चित छैनन् । धेरैजसो बालबालिका निजि विद्यालयमा अध्ययनरत छन् भने ४ जना सरकारी विद्यालयमा र २ जना उच्च शिक्षाको लागि जनप्रिय, मल्टिमोडलमा अध्ययनरत छन् । कुनै विद्यालयहरूले बालगृहको बालबालिकाको लागि केही निःशुल्क सिट छुट्याइएको छ भने कुनै शुल्क तिर्नुपर्ने विद्यालयको लागि बालगृहले नै शुल्कको व्यवस्था गरेको छ ।

अध्ययनस्थलका उत्तरदाताहरू कुनै एउटा विद्यालयमा अध्ययन नगरी विभिन्न विद्यालयमा अध्ययन गरेको पाइयो । विभिन्न प्राइभेट विद्यालय जस्तैःबोर्डिङ्ग स्कूमा केही निःशुल्क सिटहरू छुट्याइएको र कुनै बालबालिकाको संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा दातृसंस्थाले अध्ययन गराइदिएका छन् । जुनसुकै व्यवस्थाबाट भएता पनि बालबालिकाले उचित शिक्षा-दिक्षा पाएका छन् ।

## ५.७ कक्षाको आधारमा अध्ययनरत उत्तरदाताको शैक्षिक विवरण


तालिका नं. ५.६

कक्षा समूहको आधारमा उत्तरदाता

| कक्षा समूहको विवरण | बालबालिकाको संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| कक्षा १ | ८ | १०.६७ |
| कक्षा २ | ९ | १२.०० |
| कक्षा ३ | ८ | १०.६७ |
| कक्षा ४ | ११ | १४.६७ |
| कक्षा ५ | ६ | ८.०० |
| कक्षा ६ | १४ | १८.६७ |
| कक्षा ७ | ३ | ४.०० |
| कक्षा ८ | ७ | ९.३३ |
| कक्षा ९ | ४ | ५.३३ |
| कक्षा १० | ३ | ४.०० |
| कक्षा १० जोड २ | २ | २.६७ |

| | | |
|---|---|---|
| **जम्मा** | ७५ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*




उपरोक्त तालिकाबाट विभिन्न कक्षामा अध्ययनरत उत्तरदाताहरूको संख्या प्रष्ट थाहा हुन्छ। कक्षा १देखि कक्षा १० सम्म बढी संख्या देखिएता पनि उच्च शिक्षा हासिल गर्नेमा २ जना मात्र देखिन्छ।

पढाइको सिलसिलामा लिइएको अन्तर्वार्ताअनुसार बालबालिकाहरू आफ्नो धेरैजसो समय पढाइलेखाइमा बिताउने कुरा बताउँछन्। नियमित रूपमा बिहान बेलुका बालगृहमै रहेका शिक्षकसँग सोधेर बिहान २ घण्टा, बेलुका २ घण्टा पढ्ने गरेको पाइयो। अन्तर्वार्तापछि ठूलो मान्छे बन्नुपर्ने कुरा धेरैले बताएका छन्।

सबैभन्दा बढी कक्षा ६ मा १८.६७ प्रतिशत उत्तरदाता रहेका छन् तथा सबैभन्दा कम उच्च शिक्षामा २.६७ प्रतिशत रहेको देखिएको छ।

## ५.८ जन्मस्थानको आधारमा उत्तरदाता

मानिस जुन ठाउँमा जन्मेको हुन्छ, त्यो ठाउँलाई जन्मस्थान भनिन्छ। मानिसहरू विभिन्न कारणहरूले गर्दा आफ्नो जन्मस्थल छोड्न वाध्य हुन्छन् र


गन्तव्य स्थानमा पुग्दछन् ।जन्मस्थानको आधारमा हेर्दा उत्तरदाताहरू कुनै एक स्थानका मात्र नभएर विभिन्न स्थानका भएका र धेरैले थाहा नभएको बताएता पनि अध्ययनको उद्देश्य पूरा गर्नाका लागि बालगृहको रेकर्ड फाइल अनुसार अध्ययन गरियो । जसको विस्तृत विवरण तलका तालिकाले स्पष्ट पार्दछ ।

तालिका नं. ५.७

जन्मस्थानको आधारमा उत्तरदाताको विवरण

| **जिल्लाको नाम** | **बालक संख्या** | **बालिका संख्या** | **जम्मा संख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| चितवन | ४ | ५ | ९ | १२.०० |
| सिन्धुली | २ | १ | ३ | ४.०० |
| कास्की | १५ | ७ | २२ | २९.३३ |
| कपिलवस्तु |  | २ | २ | २.६७ |
| लमजुङ | १ | १ | २ | २.६७ |
| रामेछाप | १ | २ | ३ | ४.०० |
| स्याङ्जा | ३ | १ | ४ | ५.३३ |
| काभ्रे |  | २ | २ | २.६७ |
| बागलुङ | १ | २ | ३ | ४.०० |
| बर्दिया | ३ | १ | ४ | ५.३३ |
| धादिङ | २ | २ | ४ | ५.३३ |
| रौतहट | १ | २ | ३ | ४.०० |
| पर्वत | ३ | १ | ४ | ५.३३ |
| गोर्खा | १ | २ | ३ | ४.०० |
| म्याग्दी | १ | १ | २ | २.६७ |
| सप्तरी |  | १ | १ | १.३३ |
| मकवानपुर | १ | ३ | ४ | ५.३३ |
| **कुल जम्मा** | **३९** | **३६** | **७५** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*




उपरोक्त तालिका हेर्दा कास्की जिल्लाका बालबालिका सबैभन्दा बढी मात्रामा ३२.८४% आश्रित रहेको पाइयो। यस्तै गरेर दोस्रो श्रेणीमा चितवनमा १३.४३% आश्रित पाइयो भने पर्वत र मकवानपुर जिल्लाका बालबालिका ५.९७%, बागलुङ, स्याङ्जाका बालबालिका ४.४८%, म्याग्दी, धादिङ, काभ्रे, लमजुङ, सिन्धुलीका बालबालिका २.९८% र कपिलवस्तु, रामेछाप, बर्दिया, रौतहट, गोर्खा, सप्तरीका बालबालिकाहरू क्रमशः १.४९% रहेका छन्। यस तालिकाबाट हामीलाई यो स्पष्ट हुन्छ की नेपालका केही ठाँउबाट मात्र यस्ता परिस्थितिका बालबालिका नभई देशका प्रायःसबै भागमा यस्ता बालबालिका रहेको थाहा हुन जान्छ।

सबैभन्दा बढी कास्कीबाट ३२.८४ प्रतिशत, सबैभन्दा कम कपिलवस्तु, रामेछाप, बर्दिया, रौतहट, गोरखा, सप्तरीबाट क्रमशः १.४९ प्रतिशत रहेका छन्।

## ५.९ उत्तरदाता बालगृहमा आउनुका कारणहरू

अवश्य पनि बालबालिका आफ्नो अबोधपनमा रमाउन चाहन्छन्। यदि उनीहरूको उचित रेखदेख, स्याहार, सम्भार माया भए भोलिका सभ्य नागरिक

उनीहरू नै हुन्छन् । काँचो माटोलाई आफ्नो आकार बनाउन मिलेझैं उनीहरूलाई पनि उचित शिक्षा दिनसके असल नागरिक बनाउन सकिन्छ । यति कुरा थाहा हुँदाहुँदै पनि बालबालिका अनाथ बन्न पुगेका छन् । केही न केही कारण नभई उनीहरू अनाथ बनेका हुँदैनन् । सामाजिक, आर्थिक, सांस्कृतिक, दुर्व्यवहार आदि नै प्रमुख कारण हुन् भने केही-केही साथीभाइको लहलहैमा बहकिनाले गर्दा पनि यो अवस्थामा आएका हुन् । यस्ता बालबालिकाका सम्भारका लागि राज्यको पनि दायित्व हो तापनि राज्यले पूर्णरूपमा ठोस कदम चाल्न नसकेको कुरा सर्वविदितै छ ।


मानवलाई आफ्नो जन्मस्थल अति नै प्यारो हुन्छ तर विभिन्न कारणहरूले गर्दा उनीहरू सो स्थानलाई छोड्न बाध्य हुन्छन् । त्यस्तो बाध्य गराउने कारणहरूलाई निम्नअनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.८

उत्तरदाता बालगृहमा आउनुका कारणहरूको विवरण

| **विवरण** | **बालक संख्या** | **बालिका संख्या** | **जम्मा संख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| अभिभावक गुमाउनु | ४ | १० | १४ | १८.६७ |
| सौतेनी आमाबाबुको दुर्व्यवहार | ११ | ७ | १८ | २४.०० |
| साथीहरूको लहलहै | ९ | ५ | १४ | १८.६७ |
| अधिक बालश्रम | ६ | १३ | १९ | २५.३३ |
| अन्य | ७ | ३ | १० | १३.३३ |
| **जम्मा** | **३७** | **३८** | **७५** | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*




यो विवरण हेर्दा सबैभन्दा बढी अधिक बालश्रम २५.३३ प्रतिशत रहेको पाइयो । त्यसपछि क्रमशः सौतेनी आमाबाबुको दुर्व्यवहारका कारण २४ प्रतिशत, अभिभावक गुमाउने र साथीहरूको लहलहैमा १८.६७ प्रतिशत र अन्यमा सबैभन्दा कम १३.३३ प्रतिशत भेटियो ।

सबैभन्दा बढीमा अधिक बालश्रम २५.३३ प्रतिशत र सबैभन्दा कम अन्यमा १३.३३ प्रतिशत रहेका छन् ।

## ५.१० दैनिक गतिविधि

कुनै पनि व्यक्तिका दैनिक गतिविधिहरू हुन्छन् । बिहान उठेदेखि बेलुका नसुतेसम्म गरिने कार्यलाई दैनिक गतिविधि भनिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूले प्रत्येक दिन निम्न गतिविधिहरू संचालन गरेको पाइयो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.९

उत्तरदाताहरूको दैनिक गतिविधि विवरण

| समय | ५:३०-६:३० | ६:३०-७:३० | ७:३०-८:३० | ८:३०-९:३० |
|---|---|---|---|---|
| बिहान | मुख धुने, दाँत माझ्ने, प्रार्थना गर्ने | हल्का व्यायाम, चिया नास्ता खाने | पढ्ने | खाना खाने, स्कूल जान तयार हुने |
| बेलुका | ४:३०-५:०० | ५:००:५:३० | ५:३०-७:०० | ७:००-१०:०० |
| | खाजा खाने | खेल्ने | गृहकार्य गर्ने, पढ्ने | खाना खाने, टिभी हेर्ने, सुत्ने |
| बिदाको समय | ६:००:७:०० | ७-१० | १०:४ | बेलुका |
| | मुख धुने, दाँत माझ्ने, प्रार्थना गर्ने | चिया नास्ता खाने, घुम्ने, पढ्ने | खाना खाने, नुवाईधुवाई गर्ने, अतिरिक्त मनोरञ्जन | सधैंको जस्तो नियमित कार्य गर्ने । |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

नमस्ते बालगृहमा आश्रित बालबालिकाहरूले निश्चित समय तालिकाअनुसार आफ्ना क्रियाकलाप गर्ने गरेको पाइयो । बिदाको दिनबाहेक उनीहरूको दैनिक क्रियाकलाप नियमित रहेको पाइयो ।

## ५.११ पढिसकेपछि भविष्यप्रतिको सोंचाई

जब बालबालिकाको उमेर बढी हुन्छ त्यतिबेला तिनीहरू धेरै कुरा सोंच्न थाल्दछन् । पढिसकेपछि अन्त्यमा यस बालगृहमा बिदा हुने बेलामा ठूलो मान्छे बन्ने धेरैको सपना रहेको छ । भविष्यको बारेमा सोंचेको सबै कुरा साँचो नै हुन्छ भन्न त सकिदैन । तर यसले भविष्यको लागि केही हदसम्म तय भने अवश्य गर्दछ । देशमा भएको बालकहरूको वौद्धिक क्षमता हेरेर देशको भविष्यको अनुमान गर्न सकिन्छ ।


तसर्थ यस बालगृहमा आश्रितले बालबालिकाको भविष्यमा गएर के बन्ने इच्छा छ भन्दा बेग्लाबेग्लै इच्छा प्रकट भएको पाइयो । तलको तालिकाले बालबालिकाको भविष्यमा के बन्ने इच्छा रहेछ भन्ने कुरा स्पष्ट पारिएको छ ।

तालिका नं. ५.१०

भविष्यप्रति उत्तरदाताको चाहना

| **विवरण** | **बालक संख्या** | **बालिका संख्या** | **जम्मा संख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| शिक्षक/शिक्षिका | १० | ७ | ११ | १४.६७ |
| डाक्टर | २ | १ | ३ | ४.०० |
| नर्स | | ३ | ३ | ४.०० |
| ब्रिटिश लाहुरे | ८ | | ८ | १०.६७ |
| कम्प्युटर इन्जिनियर | ७ | ५ | १२ | १६.०० |
| वैदेशिक रोजगार | १३ | ३ | १६ | २१.३३ |
| ब्युटिसियन बन्ने | | १५ | १५ | २०.०० |
| सुरक्षा गार्ड | ५ | २ | ७ | ९.३३ |
| **कुल जम्मा** | **३९** | **३६** | **७५** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*




यस तालिकाबाट प्रष्ट हुन्छ कि सबैको केही न केही चाहना भएको पाइयो, जसमा सबैभन्दा बढी वैदेशिक रोजगारमा २१.३३ प्रतिशत, त्यस्तै क्रमशः ब्युटिसियन बन्नेमा २० प्रतिशत, कम्प्युटर इन्जिनियर बन्नेमा १६ प्रतिशत, शिक्षिक/शिक्षिकामा १४.६७ प्रतिशत, ब्रिटिस लाहुरे हुन्छु भन्नेमा १०.६७ प्रतिशत, सुरक्षागार्डमा ९.३३ र डाक्टर, नर्समा क्रमशः ४ प्रतिशत रहेका छन् ।

यसरी हेर्दा सबैभन्दा बढी वैदेशिक रोजगारमा २१.३३ प्रतिशत र सबैभन्दा कम डाक्टर नर्समा क्रमशः ४ प्रतिशत रहेका छन् ।

# अध्याय-छ

## ६.१ सारांश, निश्कर्ष र सुझाव

नेपालको कुल जनसंख्यामा ४३% बालबालिका १४ वर्ष मुनिको रहको छ। देशको विकास गर्न खाली बालबालिकाको विकास गरेर पुग्दैन । देशको अन्य नागरिकहरू जस्तैः वयस्क र बृद्धको विकास गर्नु पनि उत्तिकै आवश्यकता छ। तर आजको बालक नै भोलिको वयस्क र वृद्ध नागरिक हुने कुरालाई सबैभन्दा पहिले विचार गर्नु पर्दछ। समाज सेवाको भावना वौद्धिककालदेखि नै चलिआएको छ। तापनि २००७ सालपछि मात्र भएको हो। संस्थागत इतिहासलाई पल्टाएर हेर्दा त्रिपुरेश्वरस्थित पुनेश्वर पाठशाला, सिफ अनाथाश्रम, क्षयरोगको टोखास्थित अस्पताल, कुष्ठरोग अस्पताल खोकना, पंचदेवल पशुपति आदि २००७ साल अगाडिका देन हुन्।

जात, लिङ्ग, उमेर उनीहरूको जन्मस्थान र बालगृहमा आउनुका कारणहरू समस्याको रूपमा लिइएको छ भने लिङ्ग, जात, उमेर आदि अवस्था पत्ता लगाउने, बालगृहमा आउनुका कारणहरू खोज्ने। उनीहरूका चाहनाहरूको विश्लेषण गर्नु यो अध्ययनको उद्देश्य हो। नमस्ते बालगृहमा बसोबास गर्ने बालबालिकाको सामाजिक अवस्था, शैक्षिक अवस्था, दैनिक जीवनचर्चा र भविश्यप्रतिको चाहनामा मात्र सीमित रही यो अनुसन्धान गरिएको छ।

कास्की पोखरा जरेबरस्थित नमस्ते बालगृहमा बसोबास गर्ने बालबालिकाहरूको अध्ययन गर्दा निम्नअनुसारको अध्ययन पद्धति अबलम्वन गरिएको छ। वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा रही अध्ययन गरिएको छ। प्राथमिक र द्वितीय स्रोतबाट संख्यात्मक र गुणात्मक सूचनाहरूसङ्कलन गरिएको छ। ७५ जना बालबालिकाहरूको अध्ययनमा मात्र सीमित रहेकोले

जनगणना विधि अवलम्वन गरिएको छ । प्राथमिक तथ्य सङ्कलनमा अवलोकन, प्रश्नावली अनुसूची र मुख्यः सूचना दाताहरूलाई प्रयोग गरिएको छ ।

इ.सं. २००३ मा स्थापना भएको "नमस्ते बालगृह"ले हालसम्म बालबालिकाहरूको सुनिश्चित भविष्य, स्वास्थ्य र शैक्षिक अवस्थाको बारेमा ध्यान दिंदै आइरहेको छ। यस बालगृहले अनाथ बालबालिकाको साझा घरको रूपमा चिनिएको छ। यस बालगृहमा हालसम्म ७५ जना बालबालिका आश्रित छन् । तिनीहरूकै आधारमा यो अनुसन्धान गरिएको छ । जाति, लिङ्ग, उमेर उनीहरूको जन्मस्थान र बालगृहमा आउनुका कारणहरू समस्याको रूपमा लिइएको छ भने लिङ्ग, जात, उमेर आदि अवस्था पत्ता लगाउने, बालगृहमा आउनुका कारणहरू खोज्ने । उनीहरूका चाहनाहरूको विश्लेषण गर्नु यो अध्ययनको उद्देश्य हो । नमस्ते बालगृहमा बसोबास गर्ने बालबालिकाहरूको सामाजिक अवस्था, शैक्षिक अवस्था, दैनिक जीवन चर्चा र भविश्यप्रतिको चाहनाको मात्र सीमित रही यो अनुसन्धान गरिएको छ ।

कास्की पोखरास्थित नमस्ते बालगृह बैदाम पोखराका बालबालिकाहरूको अध्ययन गरिएको हुनाले यसका प्राप्तिहरू निम्नअनुसारका छन् ।

## ६.२ प्राप्ति

- उत्तरदाताको उमेरको अवस्थालाई हेर्दा ८-१० वर्षको उमेर समूहमा ३२ प्रतिशत सबैभन्दा बढी उत्तरदाता पर्दछन् ।
- सबैभन्दा कम १४- १६ वर्षको उमेर समूहमा १८ रहेका छन् ।
- लिङ्गको आधारमा हेर्दा सबैभन्दा बढी ६२.६७ प्रतिशत बालकहरू रहेका छन् ।
- सबैभन्दा कम ३७.३३ बालिका रहेका छन् ।

- सम्पूर्ण उत्तरदाताको भाषिक विवरण हेर्दा सबैभन्दा बढी ४६.६७ प्रतिशत नेपाली भाषा बोल्ने पाइयो । सबैभन्दा कम ५.३३ प्रतिशत शेर्पा भाषा बोल्ने पाइयो ।

- उत्तरदाताको जातीय विवरण हेर्दा सबैभन्दा बढी २४.३२ प्रतिशत क्षेत्री वर्गमा देखियो भने सबैभन्दा कम १.३३ प्रतिशत शेर्पा, माझी, सुनुवार रहेको पाइयो ।

- सम्पूर्ण उत्तरदातामध्ये ५८.६७ प्रतिशत उत्तरदाताले हिन्दू धर्ममा आस्था राख्दछन् । ८ प्रतिशतले बौद्ध र ३३.३३ प्रतिशतले थाहा नभएको बताए ।

- सम्पूर्ण शैक्षिकस्तरलाई हेर्दा सबैभन्दा बढी १८.६७ प्रतिशत ६ कक्षामा देखियो भने सबैभन्दा कम २.६७ प्रतिशत उच्च शिक्षा पढ्ने भेटियो ।

- उत्तरदाताको जन्मस्थानको विवरण हेर्दा बालगृहमा सबैभन्दा बढी कास्की जिल्लाका ३२.८४ प्रतिशत आश्रित रहेको पाइयो । सबैभन्दा कम १.४९ प्रतिशत क्रमशः सप्तरी, काभ्रे, कपिलवस्तु, रामेछाप, बर्दिया, रौतहट गोरखा जिल्लाका पाइए ।

- उत्तरदाताको भविष्यप्रतिको चाहना बुझ्दा सबैभन्दा बढी १६ जना २१.३३ प्रतिशत वैदेशिक रोजगारमा झुकाव रहेको पाइयो भने सबैभन्दा कम ४.४ प्रतिशत डाक्टर नर्स बन्ने रहेको पाइयो ।

- सबै उत्तरदाता बालगृहमा आउनुका कारण बुझ्दा सबैभन्दा बढी २५.३३ प्रतिशत अधिक बालश्रमका कारणले आएको बुझिन्छ भने सबैभन्दा कम १३.३३ प्रतिशत अन्य कारणले आएको बुझिन्छ ।

## ६.३ निष्कर्ष

घर छोड्नाका कारणहरू जस्तो बाबुआमा दुवै नहुनु, सौतेनी बाबुआमाको दुर्व्यवहार, साथीहरूको लहलहै, अधिक बालश्रमका कारणले नमस्ते बालगृहमा आइपुगेका बालबालिकाहरू ८ देखि १८ वर्षका रहेका, बालबालिकाहरू भन्दा बालकहरू बढिरहेका छन् । भाषाको हिसाबले नेपाली भाषा बोल्नेहरूको बाहुल्यता रहेको हिन्दू धर्मावलम्वी रहेको पाइयो । सबैभन्दा बढी क्षेत्री जातका र हिन्दू धर्मावलम्वन गर्ने पाइयो । जन्मस्थानको आधारमा विभिन्न जिल्लाहरूबाट आएका मध्ये कास्की जिल्लाको बाहुल्यता देखियो । भविश्यको चाहना बुझ्दा अधिकांश उत्तरदाताको बैदेशिक रोजगारीमा झुकाव देखियो ।

## ६.४ सुझाव

- आफ्ना सन्ततीहरूलाई परिवारका सदस्यहरूले बालबच्चाहरूलाई विशेष हेरचाह, माया-ममता दिनुपर्ने ।
- बालबालिकाहरूको सीप र चाहना अनुसारको रोजगारीको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाहरूले इच्छाइएको शिक्षा लिन चाहेमा सरकारले व्यवस्था गर्नुपर्ने ।

# सन्दर्भसूची


*"एसेसमेन्ट अफ युनिसेफ कन्ट्रिब्युसन टु चिल्ड्रेन",* १९९४:३४, युनिसेफ एन्युएल रिपोर्ट, न्यूयोर्क: एनपी ।

कास्कीमा बालबालिकाको स्थिति २०६८, *जिल्ला बालकल्याण समिति,* कास्की ।

खतिवडा, रूपेश र नारायण वाग्ले, १९९२, *बालसरोकार,* काठमाडौं: बालसरोकार केन्द्र ।

द थर्ड सार्क कन्फरेन्स, १९९९३, *"द राइट अफ द चाइल्ड"*।

दास, प्रभाकरलाल, २०५०, *उच्च स्तरीय सामाजिक अनुसन्धान प्रविधि ।*

बालेन्स, डब्ल्यु, १९९७, फस्ट ह्याण्ड: *"चिल्ड्रेन इन काइसिस",* चिल्ड्रेन फस्ट प्रकाशक भोलुमद्ध ।

बेलामी, कार्ड, १९९५, *"द साइलेन्ट इमर्जेन्सी",* द स्टेट अफ द वर्ल्ड चिल्ड्रेन, न्यू योर्क: अक्स्फोर्ड युनिभर्सिटी ।

प्रधान, गौरी २०६०,*युद्धको भुमरीमा बालबालिकाहरू,* बालसरोकार केन्द्र (सिविन) ।

प्रधान, गौरी २०६२, *बाल संरक्षण,* सिविन, नेपाल ।

मिलिजुली समूह, २०५२, *जोखिममा परेका बालबालिकाहरू,* एक तथ्य चित्र ।

सापकोटा, दीपकराज, २००७, *जर्नी टु द स्ट्रिट,* काठमाडौं : अल्टिमेट मार्केटिङ ।

सार्क, १९९३, ढाका डिक्लारेशन, काठमाडौं: सार्क ।

सिविन *"द स्टेट अफ द राइटस् अफ द चाइल्ड इन नेपाल"* सीपीसीएस २००७, द स्ट्रिट चिल्ड्रेन अफ काठमाडौं ।

सिविन, २००४, *नेपालमा बालअधिकारको स्थिति,* राष्ट्रिय, राष्ट्रिय प्रतिवेदन, बाल मजदुर सरोकार केन्द्र ।

सिविन, २०६०, *बालअधिकार सम्बन्धी महासन्धि (पाँचौं संस्करण),* बाल मजदुर सरोकार केन्द्र ।

शर्मा, वाग्ले डा. लोकेन्द्र २०६६, (तृतीय संस्करण), *बालबालिका सम्बन्धी कानून र न्याय,* प्रगति पुस्तक सदन ।

परिशिष्ट-१

**कास्की, पोखरास्थित नमस्ते बालगृहका बालबालिकाहरूको एक अध्ययनसँग सम्बन्धित प्रश्नावली:**

१. नाम : ..........................................................

२. लिङ्ग (क) बालक (ख) बालिका

३. तपाईं कुन भाषा बोल्नुहुन्छ ?

(क) नेपाली (ख) नेवारी (ग) गुरुङ

(घ) शेर्पा (ङ) अन्य

४. तपाईं कति वर्षको हुनुभयो ? ...................... वर्ष

५. तपाईंको जात/जातीयता के हो ?

(क) ब्राह्मण (ख) क्षेत्री (ग) जनजाति (घ) दलित

६. हाल तपाईं कति कक्षामा अध्ययन गर्दै हुनुहुन्छ ?

| कक्षा समूहको विवरण | बालबालिकाको संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| कक्षा १ | | |
| कक्षा २ | | |
| कक्षा ३ | | |
| कक्षा ४ | | |
| कक्षा ५ | | |
| कक्षा ६ | | |
| कक्षा ७ | | |
| कक्षा ८ | | |
| कक्षा ९ | | |
| कक्षा १० | | |
| कक्षा १० जोड २ | | |
| जम्मा | | |

७. तपाईं कुन धर्म मान्नुहुन्छ ?

(क) हिन्दू (ख) बौद्ध (ग) अन्य

८. तपाईंको जन्मस्थान कुन जिल्ला हो ?

| जिल्लाको नाम | बालक संख्या | बालिका संख्या | जम्मा संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

९. बालगृहमा आउनुको कारण के हो ?

| कारण | बालक संख्या | बालिका संख्या | जम्मा संख्या |
|---|---|---|---|
| अभिभावक गुमाउनु | | | |
| सौतेनी आमाबाबुको दुर्व्यवहार | | | |
| साथीहरूको लहलहै | | | |
| अधिक बालश्रम | | | |
| अन्य | | | |

१०. तपाईंको दैनिक गतिविधि कसरी चलेको छ ?

| समय | ५:३०-६:३० | ६:३०-७:३० | ७:३०-८:३० | ८:३०-९:३० |
|---|---|---|---|---|
| बिहान | | | | |
| बेलुका | ४:३०-५:०० | ५:००:५:३० | ५:३०-७:०० | ७:००-१०:०० |
| | | | | |
| बिदाको समय | ६:००:७:०० | ७-१० | १०:४ | बेलुका |
| | | | | |

१०. तपाईंको भविष्यप्रतिको चाहना के छ ?

| विवरण | बालक संख्या | बालिका संख्या | जम्मा संख्या |
|---|---|---|---|
| शिक्षक/शिक्षिका | | | |
| डाक्टर | | | |
| नर्स | | | |
| ब्रिटिश लाहुरे | | | |
| कम्प्युटर इन्जिनियर | | | |
| वैदेशिक रोजगार | | | |
| ब्युटिसियन बन्ने | | | |
| सुरक्षा गार्ड | | | |

## परिशिष्ट-२

महासन्धिमा उल्लेखित बालअधिकारलाई सरल तरिकाले बुझ्नका लागि यसलाई चार समूहमा विभाजित गर्न सकिन्छ :-

**सुजीवनः**

यस धर्तीमा पदार्पण गर्ने जो कोही बालबालिकाले पनि आफ्नो बाँच्ने अधिकारलाई उपभोग गर्न पाउनु पर्दछ। जीवन बाँच्नको निम्ति प्रत्येक बालबालिकाले सुव्यवस्थाको निम्ति खोप, स्तनपान र प्रकोपको विरुद्ध बाच्ने अधिकार पाउनु पर्दछ ।

**सुव्यवस्थाः**

कुनै कुरा वा सेवा पाउने जन्मसिद्ध अधिकारः उदाहरणको लागि नाउँ र राष्ट्रियता, स्वास्थ्यस्याहार शिक्षा, आराम, मनोरञ्जन खेल, अपाङ्ग भएको अवस्थामा संरक्षण पाउनु पर्दछ ।

**संरक्षणः**

जोखिमपूर्ण कामहरू र व्यवहारबाट सुरक्षित कुनै अधिकारः उदाहरणका लागि बाबु-आमाबाट अलग्गिनु, व्यापारिक तथा यौन सम्बन्धी शोषण, शारीरिक तथा मानसिक दुर्व्यवहार, युद्धमा संलग्नता, बाल मजदुरी वा वंधुवा मजदूरी शोषणबाट संरक्षण इत्यादि पाउनु पर्दछ ।

**सहभागिताः**

बालक वा बालिकाको जीवनमा प्रभाव पार्ने निर्णयहरूमा आफ्ना कुराहरू सुनुवाइ गर्ने अधिकारः सामर्थ्य अनुसार जिम्मेवारीपूर्ण युवावस्थामा प्रवेश गर्न बालबालिकाले सामाजिक कृयाकलापहरूमा भाग लिन उपरोक्त अवसरहरू पाउनु पर्दछ । उल्लेखित बालअधिकारलाई सबै संघ-सस्थाले पालना गर्नुपर्दछ ।